लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

वर्ष १७, अंक ४४, २०८१ असार १४ गते शुक्रबार (June 28, 2024) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू. १०।- website: www.nayabimarsha.com

## मुख्य सचिवमा अर्याल कि सुवेदी



काठमाडौं/ निजामती प्रशासनको सर्वोच्च पद मानिएको मुख्यसचिव डा. बैकुण्ठ अर्याललाई भ्रष्टाचारको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेपछि निलम्बनमा परेका छन् ।

नेपालको इतिहासमा भ्रष्टाचारको आरोप लाग्ने अर्याल पहिलो मुख्यसचिव हुन् । अर्याललाई निलम्बन गरेपछि निमित्त मुख्यसचिवको जिम्मेवारी लीलादेवी गड्तौलाले वरिष्ठताको आधारमा स्वतः पाएकी छन् भने अर्याललाई मुख्यसचिव सरहको पद सिर्जना गरी राष्ट्रिय योजना आयोगमा सरुवा गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको छ । योसँगै सरकारलाई नयाँ मुख्यसचिव नियुक्तिको बाटो खुलेको छ । हाल वरिष्ठताका आधारमा तोयानाथ ज्ञवाली, रामकृष्ण सुवेदी, एकनारायण अर्याल, दिनेश भट्टराई र अर्जुन पोखेल मुख्यसचिवको (बाँकी ७ पृष्ठमा)

# स्थायी सरकार बनाउन दबाब



भक्तपुर/ प्रधानमन्त्रीमा आसीन पुष्पकमल दाहाल नेतृत्वको वर्तमान सरकारले मुलुकमा राजनीतिक स्थिरता दिन नसकेको बुझाइमा बुद्धिजीवीहरु पुगेका छन् । दाहाल नेतृत्वको सरकार कायम रहेमा मुलुक यत्तिकै समय कटाउने अवस्थामा मात्र रहने भन्ने बुझाइ उनीहरुको रहेको चर्चा चल्न थालेको छ । मुलुकमा अस्थिरता हुँदा त्यसले विकासदेखि जनताको चाहना पूरा गर्न नसक्ने अवस्था आउने बुझाइमा उनीहरु पुगेको बताइएको छ । समाचार स्रोतका अनुसार नेपालका बुद्धिजीवी मानिएका केही व्यक्तिहरुले व्यक्तिगत तथा समूहगत रुपमा यसकालागि विभिन्न विकल्पसहित प्रयास थालेको 'नयाँ विमर्श' ले विशेष सूत्रबाट जानकारी पाएको छ ।

यसका लागि डा.सुरेन्द्र के.सी., डा.सुन्दरमणि दीक्षित, प्रा.कृष्ण पोखरेल, मानवअधिकारवादी किशोर पहाडी लगायतले प्रयासको थालनी गरेको समाचार स्रोतले जानकारी दिएको छ । उनीहरु मुलुकको विकासका लागि हालको अवस्था बाधक रहेको तथा त्यसका लागि स्थिर सरकार मुलुकले चाहिरहेको भन्ने निष्कर्षमा पुगेको स्रोतले जानकारी दिएको छ ।

उनीहरुले फोन सम्पर्क गरी पहिले विकल्पहरुको खोजी गर्न एक अर्कालाई भनेको बताइएको छ । यसपछि उनीहरु विभिन्न विकल्पसहित एउटा भेटवार्तामा बसेको बताइएको छ । उक्त वार्ताबाट हालको अवस्थामा नेपाली कांग्रेस र नेकपा (एमाले) मिलेर संयुक्त सरकार बनाउनु उचित हुने निष्कर्षमा पुगेको पनि समाचार स्रोतले जानकारी दिएको छ ।

यसरी कांग्रेस र एमाले मिल्ने हो भने सात प्रदेशदेखि केन्द्रमा समेत स्थिर सरकार सजिलै बन्ने उनीहरुको अंकगणितीय बुझाइ छ । स्थायी सरकार बनाउनका लागि उनीहरुले पहल गर्ने हो भने यो संसदको बाँकी कार्यकाल अस्थिरताबाट मुक्त भई मुलुकले एउटा मार्ग पकड्ने निष्कर्ष निकालेको पनि समाचार स्रोतले जानकारी दिएको छ । उनीहरुले अहिले स्थिर सरकारका लागि कांग्रेस-एमाले मिलेर गएमा त्यसले अमेरिकामा जस्तै दुई दलीय (मुख्य रुपमा) व्यवस्थाको प्रयोगमा नेपालीजनलाई लाने र त्यसले कालान्तरमा अनावश्यक ठानिएका दलहरु अस्थित्वविहीन बन्दै जाने अवस्थाको मूल्यांकन पनि गरेका छन् ।

अहिलेको अवस्थामा नयाँ दलहरु पनि पुरानै दलको ढाँचामा हिंडेको अवस्थालाई मध्यनजर गरी बुद्धिजीवीहरु प्रमुख दुइटा दलहरु एक ठाउँमा पुगेमा उनीहरुले नयाँको चाहना अनुसार आफूलाई ढाल्न पनि सक्ने अवस्था आउने विश्वासमा रहेको पनि बताइएको छ । यसैगरी संविधान संशोधन गरी निर्वाचन प्रणालीमा देखिएका कमी कमजोरी हटाउने निर्णयमा पुग्न पनि कांग्रेस-एमालेको मिलनले सघाउ पुऱ्याउने भन्ने सोचमा उनीहरु पुगेको पनि स्रोतले दाबी गरेको छ ।

उनीहरुले प्रदेश सरकार एकदमै अस्थिर अवस्थामा पुगेको कुरालाई पनि मध्यनजर गरेका छन् । सात प्रदेशमध्ये अधिकांशको अवस्था एक दुईजना सांसद यता उता हुनासाथ ढल्ने अवस्थाले ती प्रदेशमा विकास तथा जनताको चाहना भन्दा पनि सरकार ढाल्ने र बनाउने खेलमात्र हुने अवस्था आएको कुरालाई (बाँकी ७ पृष्ठमा)

## ऊर्जा सचिवमा केशव शर्माको चर्चा



काठमाडौं/ ऊर्जा सचिव सुशीलचन्द्र तिवारी यही साताबाट अनिवार्य अवकाशमा परेका छन् । सचिव तिवारीको अवकाशपछि हाल ऊर्जा आयोगमा कार्यरत सचिव केशवकुमार शर्माको चर्चा चलेको छ ।

सचिव शर्मालाई केही समय अगाडि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट ऊर्जा आयोगमा सरुवा गरिएको थियो । नेकपा (एमाले) का नेता एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले काँग्रेसी पृष्ठभूमिका सचिव गोपाल सिग्देललाई मन्त्रालयमा भित्र्याएका थिए । सचिव सिग्देलले ऊर्जा सचिव हुँदा बुढी गण्डकीको ठेक्का बापत दीपक मल्होत्राले बुझाएको कमिसनमध्ये मोटो रकम मन्त्रीपत्नी एवं सांसद जुली (बाँकी ७ पृष्ठमा)

## कठपुतलीको आरोप लागेका सचिवद्वय



काठमाडौं/ निजामती प्रशासनको विशिष्ट श्रेणीमा पुगेका सचिवद्वय मधुकुमार मरासिनी (अर्थ) र गोपाल सिग्देलले नैतिक बल र दायित्व एवं मूल्य मान्यता विर्सेर मन्त्रीको कठपुतली बनेको आरोप लागेको छ ।

सचिवद्वय मरासिनी र सिग्देलले मन्त्रीहरुको मनपरितन्त्रप्रति गलत कामका विरुद्ध उभिन सकेको भए आरोपहरुको भूमरीमा डुबुल्की मार्नुपर्ने थिएन । पदीय दायित्व विर्सेर मन्त्रीको गोटी बन्दा अर्थ र भौतिक पूर्वाधार सचिव बन्न महरिहत्ते गर्नुको कारण आर्थिक चलखेल नै रहेको जानकारहरुले बताएका छन् ।

सचिवद्वय मरासिनी र सिग्देल गत २०८० फागुन २१ गते सरकारको नेतृत्व परिवर्तन भएपछि मन्त्रीका गोजीका सचिव बनेर अर्थ र भौतिकमा भित्रिएका हुन् । अहिले अर्थमन्त्री बर्षमान पुनको र भौतिक पूर्वाधार तथा (बाँकी ७ पृष्ठमा)

## संसद्को हिउँदे अधिवेशन आफ्नै भवनमा

काठमाडौं/ संघीय संसद भवनको निर्माणको काम अब थोरै मात्र बाँकी रहेको छ ।



विशेष भवन निर्माण आयोजनाका निर्देशक मायाकाजी महर्जनले दिएको जानकारी अनुसार नयाँ संसद भवनको भौतिक प्रगति ८१ प्रतिशत पुगेको छ । यसैगरी वित्तीय प्रगती ६७ प्रतिशत रहेको निर्देशक महर्जनले सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा बताएका छन् । विशेष भवन निर्माण आयोजना शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत पर्दछ । हाल शहरी विकास तथा निर्माण विभागको महानिर्देशकमा कुमार घिमिरे कार्यरत छन् । घिमिरे २०८० फागुन ३० गते विभागको महानिर्देशक बनेका हुन् । त्यसभन्दा अगाडि विभागको जिम्मेवारी सुरेन्द्रमोहन श्रेष्ठले सम्हालेका थिए । उनको गत फागुन १७ गते अवकाश भएको छ । (बाँकी ७ पृष्ठमा)

## एकीकृत समाजवादीमा नेपाल र भुसालको टक्कर



काठमाडौं/ नेकपा (एकीकृत समाजवादी) को दशौं राष्ट्रिय महाधिवेशनको पूर्वसन्ध्यामा सो दलको नेतृत्व हत्याउनका लागि नेताहरुले आफ्नो सक्रियता बढाएका छन् । अध्यक्षमा माधवकुमार नेपाल आफैं दोहोरिन चाहिरहेका छन् भने उनलाई रोक्न पूर्वप्रधानमन्त्री झलनाथ खनाल र हालका महासचिव घनश्याम भूसाल लागि परेका छन् । यसै कारण अध्यक्ष नेपालले आफूलाई सर्वसम्मत रुपमा अध्यक्ष बनाइनुपर्ने भन्ने मानसिकताका साथ दौडधुप बढाएको समाचार स्रोतकोजानकारी दिएको छ ।

उता, खनालले बुधबार भूसाललाई आफ्नो साथ रहने भनी सार्वजनिक गरेपछि अध्यक्ष नेपाल झस्किन पुगेका छन् । आफूलाई सर्वसम्मत हुनबाट रोक्नका लागि खनालले नेकपा (एमाले) को इसारामा खनाल अघि बढिरहेको बुझाइमा नेपाल पुगेका समाचार स्रोतले बताएको छ । उता, भूसाल भने दुवै पूर्वप्रधानमन्त्रीहरुले दलको सल्लाहकारको भूमिकामा रही आफूजस्तो सक्रिय तथा अन्य दलका नेताहरुसँग युवाजोशका साथ प्रतिस्पर्धा गर्न सक्नेलाई अध्यक्ष बनाइनुपर्ने धारणा राखी आफ्नो पक्षमा माहौल बनाउन चाहिरहेका छन् । नेपाल र भूसाल दुवैजनाको चाहना सर्वसम्मत हुने नै रहेको छ । आफू सर्वसम्मत नभएमा निर्वाचन नै गराएर भए पनि आफू अध्यक्षमा दोहोरिने खेलमा अध्यक्ष नेपाल रहेका छन् ।

यही असार ५ गते प्रतिनिधि छनोट (बाँकी ७ पृष्ठमा)

## अर्थमा सहसचिवको जिम्मेवारी हेरफेर

काठमाडौं/ अर्थ मन्त्रालयमा बजेट तथा कार्यक्रम महाशाखा प्रमुख रहेका सहसचिव रितेशकुमार शाक्य स्टिकर छपाइ काण्डको भ्रष्टाचारमा मुद्दा चलेपछि स्वतः निलम्बनमा परेका छन् ।

अर्थ मन्त्रालयले उनको ठाउँमा नरेन्द्र रानालाई पठाएको छ । यसैगरी दुई हप्ता (बाँकी ७ पृष्ठमा)

# चर्किएका घरहरु बेच्न खोज्दै घरधनीहरु

प्रसङ्गवश
रूषा थापा



२०७२ बैशाख १२ गते नेपालमा महाभूकम्प गयो । कयौं घर भूकम्पले भत्काए त कयौं चर्किए । त्यस्तै, धेरै अर्पाटमेण्टहरु पनि चर्किए । भत्किएर ढलेका घर त मानिसहरुले जगैबाट बनाए । तर, चर्किएका घर वा अर्पाटमेण्ट पुर्ननिर्माण गरिएन । त्यसमा रंग मात्र लगाइयो ।

हिजो भूकम्पमा चर्किएका घर तथा अर्पाटमेण्टहरुलाई सम्बन्धित धनीहरुले रंग लगाएर, ढुंगा, मार्बल वा सिसा टाँसेर चिटिक्क बनाएका छन् । सानो भूकम्प आएपनि यी घर तथा अर्पाटमेण्टहरु ढल्ने छन् । त्यसैले, अहिले घरधनीहरु यस्ता घरहरु बेच्न लागिपरेका छन् । उनीहरुल सस्तो मूल्यमा घर बेच्न राखेका छन् ।

'छोरीभन्दा आमा तरुनी, किरिम पाउडरले' यो गीतले केही वर्षअघि व्यापक चर्चा पाएको थियो । त्यसरी नै घरधनीहरुले भत्किन लागेको घरलाई समेत रंगरङ्गन गरेर चिटिक्क पारेर नयाँ घरजसरी बेच्न थालेका छन् । बुढोपाकाले भन्थे, 'दुहुनो भैंसी किनेमा पाडो सित्तै ।' अहिले घरधनीहरु जग्गाकै मूल्यमा घर बेच्न खोजिरहेका छन् ।

'हामीलाई घरको मूल्य चाहिँदैन, जग्गाकै भाउमा दिन्छौं' भनेर घरधनीहरु घर किन्ने मानिसहरु खोजिरहेको भेटिन्छन् । भूकम्प कुन दिन र कति बेला आउँछ ? केही ठेगान छैन । भूकम्प आउनासाथ यस्ता घरमा बस्नेहरु त्यँही घरले किचेर मर्नेछन् । यसले एकातिर पैसा पनि जान्छ त अर्कोतिर ज्यान समेत ।

काठमडौं उपत्यकासहित देशभरका घरहरु जोखिमपूर्ण छन् । भूकम्पले चर्काएका घरहरुलाई रंगरङगन गरेर नयाँजस्तो मात्र बनाइएको छ । यसैले, भूकम्प आउँदा यी घरहरु भत्किँदैनन् वा ढल्दैनन् भनेर भन्न सकिँदैन । अहिले सार्वजनिक स्थलहरुमा धेरै घरधनीहरु घर किन्ने मान्छे खोज्दै हिँडेको भेटिन्छ ।

उनीहरुलाई सोध्यो भने भन्छन्, 'महिनौं भइसक्यो, ग्राहक खोजेको । अहिलेसम्म एउटै भेटिएको छैन ।' २०७२ को महाभूकम्पले आफैंले बनाएको घरले आफैंलाई थिचेर सयौंले ज्यान गुमाए । हजारौं घाइते भए त कयौं अंगभंग हुन पुगे । २०७४ मा स्थानीय निर्वाचन भयो ।

चुनाव जितेर आएका जनप्रतिनिधि वडाध्यक्ष र प्रमुखले आफ्ना कार्यकर्ता वा नजिकको मान्छेलाई सरकारको मापदण्डभित्र नबनेका वा जोखिमपूर्ण घरलाई पनि सम्पन्नता प्रमाणपत्र दिए । कतिपयलाई भन्सुनको आधारमा दिइयो त कतिपयसँग एक लाखदेखि पन्ध्र लाखसम्म खाएर वडाध्यक्ष र मेयरले घर सम्पन्नता प्रमाणपत्र बाँडे । घर सम्पन्नता (बाँकी ७ पृष्ठमा)



# विद्यार्थीले कक्षा दशपछि के पढ्ने ?

**अमृतबाबु भट्ट**

एसइई परीक्षामा २०८० सालमा सामेल विद्यार्थीहरू अहिले कक्षा ११ को भर्नाका लागि आफूलाई पायक पर्ने सानादेखि ठूला सहर र केन्द्रमा परामर्श लिन दौडधुप गरिरहेका छन् । विद्यार्थीका अभिभावकहरू आफ्नो नानीबाबुको पढाइ र सुन्दर भविष्यका लागि आवश्यक खर्चको जोहो गर्ने र परामर्श लिने क्रममा हुनुहुन्छ । अबको ५० हजार विद्यार्थी एसइई पास गरेर ११ कक्षामा भर्ना हुनेछन् । यस क्रममा कक्षा ११ मा के पढ्नु उपयुक्त होला ? भनी अभिभावकहरूले जिज्ञासा बढ्न थालेको छ ।

विषय छनोट कसरी गर्ने ?

हरेक बालबालिका १० कक्षासम्मको पढाइ पूरा गर्ने क्रममा उसको लगाव प्राकृतिक विज्ञान वा सामाजिक विज्ञानमध्ये एकातिर अलि बढी भएको कुरा उसको शिक्षक, अभिभावक वा ऊ आफैँले पहिचान गरेको हुनुपर्छ । प्रकृति विज्ञानअन्तर्गत भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान आदि पर्छन् । यसले एउटा तथ्यलाई संसारभरि त्यही तथ्यका रूपमा स्वीकार्छ । जस्तो दुई भाग हाइड्रोजन र एक भाग अक्सिजन मिसाउँदा त्यो नेपालमा भए पनि अमेरिकामा भए पनि पानी नै बन्छ, त्यो चाहिँ प्राकृतिक विज्ञान हो । समाज विज्ञानमा लेखा, अर्थशास्त्र, वाणिज्य शिक्षा आदि पर्दछन् । समाज विज्ञानले तथ्यलाई समयसापेक्ष बुझ्न सिकाउँछ । जस्तो नेपालको गरिबीका कारण अमेरिकाको गरिबीको कारणसँग मेल खाँदैन । त्यसैले समाज विज्ञान पढ्न पढाइसँग नेतृत्व गर्ने, व्यवस्थापन गर्ने आदि सीप विकास गर्दै लानुपर्ने हुन्छ ।

यस क्रममा विद्यार्थी कक्षा ९ र १० तिर पढिरहँदा उसले दिने सृजनात्मक उत्तर, उसले बनाउने परियोजना कार्य, कक्षाको छलफल वा उसले प्रयोग गर्ने ग्याजेटस आदिबाट थाहा पाउन पनि सकिन्छ । यदि बालबालिकाहरू बढी जागरुक छभने उसले कोरेको आफ्नो भविष्यको योजनाले समेत यसको जानकारी दिन्छ । खासगरी प्राविधिक स्वभावको बालबालिकाले प्राकृतिक विज्ञान, सामाजिक सीप जस्तैः नेतृत्व लिन चाहने, भाषाशैलीमा महत्व दिने, व्यवस्थापकीय सीपमा चाख राख्ने बच्चाहरूले समाज विज्ञान पढेको राम्रो हुन्छ । विशेष सीप जस्तैः सङ्गीत, हस्तकला, चित्रकला आदितिर झुकाव भएकाहरूले त्यसैअनुसारको विषय छनोट गर्न उपयुक्त हुन्छ । यी विषय छान्नुपूर्व विद्यार्थीहरूले पहिले आफ्नो जीवन खुसी हुने आदर्श पेसा कुन हो र केही गरी त्यो भएन भने दोस्रो छनोट के हो भनेर निर्धारित गर्नुपर्ने हुन्छ । त्यसका लागि १५, १६ वर्षको उमेरमा विद्यार्थीहरू पढेलेखेका अभिभावक र आफन्तहरू तथा मित्रहरूले सहयोग गुर्नपर्छ । त्यसैले कुनै पनि विद्यार्थीले आफ्नो विषय छनोट गर्दा विषयको गम्भीरता र त्यसले दिने रोजगारी आफूलाई मिल्दो, सुहाउँदो र इच्छाएको हुन्छ कि हुँदैन भन्ने विषयमा राम्ररी परिकल्पना गरेर निश्चित गर्नु उपयुक्त हुन्छ ।

के गर्नु राम्रो हुँदैन ?

हाम्रो पुरानो विश्वासका आधारमा धेरै नम्बर पाएका विद्यार्थीहरू प्राकृतिक विज्ञान पढ्ने, मेडिकल, इन्जिनियरिङ आदि गर्नुपर्ने भन्ने मान्यता राख्नु हुँदैन । कुनै पनि पेसा आफैँमा ठूलो सानो छैन । कुन तहको काममा सम्बन्ध छ भन्ने कुराले सन्तुष्टिको तहलाई फरक पार्दछ । अनावश्यक रूपमा बालबालिकालाई दसैँका टीका लगाउँदादेखि यस्तो बनोस्, उस्तो गरोस् भनेर सुनाउन आफैँ मा घुमाउरो पाराले अभिभावकको इच्छालाई विद्यार्थीको भविष्यमा मुखरित गरिएको हो । यो आफैँमा घातक छ । कुनै पनि विद्यार्थीलाई सानो उमेरमै विज्ञान पढ्ने होला तिमीले, उसले-उसले यो पढेर यसो गर्यो आदि कुरा गर्नु हुँदैन । किनकि त्यस्तो गर्दा विद्यार्थीको वास्तविक क्षमता भएको क्षेत्र पहिचान नै गर्न सक्दैन ।

मानिस स्वभावतः ठूलो देखिन खोज्ने प्राणी हो । बालकालिकालाई हामीले विज्ञान ठूलो हो भन्ने प्रभाव दिँदा धेरै बालबालिकाहरूले आफू अरुहरूभन्दा ठूलो देखिनका लागि नै विज्ञान पढ्ने निधो गर्दछन् । यो अन्ततोगत्वा गलत हुन्छ । त्यस्तै कतिपय अवस्थामा बच्चाहरूलाई तिमीलाई जुन राम्रो लाग्छ, त्यही पढ भन्छौँ । यो पनि बच्चालाई आज राम्रो लागेको कुरा सधैँ राम्रो नलाग्न सक्छ । उसको कलिलो उमेरले त्यो सबै निर्णय गराउन पनि उपयुक्त हुँदैन । त्यसका लागि विज्ञहरूको परामर्श चाहिन्छ ।

बालबालिकाले विषय छनोट केका आधारमा गरेको हो, त्यसै अनुसार विज्ञले परामर्श दिनु उपयुक्त हुन्छ । धेरै जस्तो अवस्थामा बालबालिका साथीभाइ जता जान्छन् र जे पढ्छन्, त्यसै गर्छु भनी आफ्नो निर्णय साथीलाई गर्न दिन्छ । यो अत्यन्त प्रत्युत्पादक हुन्छ । त्यसैले कोही पनि बालबालिकाले विषय छनोट गर्दा भविष्यको पेसाको कमाई, सुरक्षा, नाम प्रतिष्ठा, पहिचान, बुबाआमाको इच्छा, देश प्रेम, समाजको आवश्यकतामध्ये कुन आधारमा गरेको छ भनी विज्ञसँग बसेर छलफल गर्नु उपयुक्त हुन्छ । केही विद्यार्थी तथा अभिभावकहरू अहिलेलाई विज्ञान पढ्दै गरौँ र पछि जता पनि जान पाइन्छ भन्ने खालको तर्क पनि गर्नुहुन्छ । कक्षा ११ मा पुग्दा फेरि नेपाली र अङ्ग्रेजीबाहेक अरू सबै विषयको विकल्प छ । आफू जाने पेसा र विषयलाई कम ध्यान दिएर अन्य विषयवस्तुलाई बढी समय दिइराख्नु पनि तर्कसङ्गत छैन ।

प्रायः कक्षा १० सम्म विद्यार्थीको लगाव छुट्याउन नसकेका अभिभावकहरू यो मतमा आउनुहुन्छ, त्यो त्यति हितकारी छैन । केही अभिभावक विज्ञान गाह्रो विषय हो र त्यो पढेर पछि अरू विषय पढ्न सजिलो हुन्छ । त्यसैले अहिले विज्ञान नै पढ्दै गरोस् भन्ने तर्क दिनुहुन्छ । यो तर्क झट्ट हेर्दा सही हो कि जस्तो लागे पनि यस तर्कले विद्यार्थीको भावनालाई प्रतिनिधित्व कदापि गर्दैन । यसमा अभिभावकको विचारको हाबी देखिन्छ । केही अभिभावक र विद्यार्थीहरू कुन विषय पढ्दा विदेश जान सजिलो हुन्छ भनी प्रश्न गर्ने गर्नुहन्छ ।खासगरी विकसित देशहरूमा शिक्षा दिने तरिका ज्यादै फरक छ । उनीहरू अन्डर ग्राजुयट तहसम्म विद्यार्थीलाई सामान्य र धेरै विषय पढाउँछन्, दर्शनशास्त्रलाई धेरै महत्व दिन्छन् । विषय छनोटमा व्यापक लचकता दिन्छन् । त्यसैले हाम्रो पाठ्यक्रम उनीहरूको भन्दा नितान्त फरक हो । विदेश जानलाई कक्षा ११ को यो वा त्यो विषयले तात्विक फरक पार्दैन । कति अभिभावकहरू परामर्शमा आउँदा घुमाउरो हिसाबले आफ्नो बालबालिकाले डाक्टर, इन्जिनियर पढोस् भन्ने चाहनुहुन्छ । यसको कारण सोध्दा उहाँहरूको आफ्नो स्वार्थ देखिन्छ । कतै न कतै डाक्टरको इन्जिनियरको मामा, काका, आमाबुबा हुने स्वार्थ त्यसमा देखिनु सही हुँदैन किनकि कोही पनि विद्यार्थीले अभिभावकको स्वार्थलाई त्यति महत्व दिएको पाइँदैन । कतिपय अभिभावकहरू सबैभन्दा राम्रो विषय के हो ? भनी सोध्नुहुन्छ, यसको उत्तर के हुन सक्छ ? विषयहरू गुणात्मक रूपमा प्रस्तुत गर्न मिल्दैन, सानो ठूलो विषय भन्ने हुँदै हुँदैन । कुनै विषयलाई कुन तहसम्म अध्ययन गरियो र कस्तो जनशक्ति तयार भयो भन्ने कुरा नै प्रमुख हुन्छ ।

के गर्नुपर्छ ?

विसं २०८० को एसइईको नतिजा केही दिनभित्रै आउँदैछ । हामीसँग जति बाँकी दिनहरू छन्, ती दिनहरूमा विद्यार्थीलाई विभिन्न पेसाका बारेमा खोज अध्ययन गर्न लगाऊँ । विद्यार्थी कहिलेकाहीँ आफू सेतो कोट लगाएर मेडिकल डाक्टरको काम गरेको, कहिले नीलो कोट लगाएर प्रशासक बनेको, कहिले कालो कोट लगाएर न्याय तथा कानुन सेवामा काम गरेको, कहिले बैङ्कर भएको, कहिले प्रोफेसर भएको, कहिले फौजी सेवा, कहिले व्यापार-व्यवसाय आदिमा काम गरेको कल्पना गर्न लगाऊँ । सम्बन्धित त्यस्ता ठाउँहरूमा पुर्याएर कामको प्रकृति देखाऊँ, कामको अनुभूति पनि गराऊँ । तिमी १० वर्षपछि कुन काम गरिरहेको सपना देख्छौ भनी उसको बानी व्यवहार र रुचि निश्चित रूपमा पहिचान गर्न सक्यौँ भने उसले पहिले पेसा छनोट गर्न सक्छ । एउटा विद्यार्थीले पहिले आफ्नो पेसा छनोट गरोस् । अनि उक्त पेसालाई चाहिने विषय छनोट गरोस् । त्यसपछि उक्त विषय पढाउने संस्था छनोट गरोस् । संस्था छनोट गर्दा पनि केही सावधानी अवश्य अपनाओस् ।

सामान्यतयाः विद्यार्थीलाई अभिभावकहरूले कलेज हेरेर आऊ भनी पठाउनुहुन्छ, जब ऊ कलेज छनोट गर्न आउँछ, उसँग खासै केही प्रश्न हुँदैनन् । प्रायः विद्यार्थीले सोध्ने गर्छन्, "यो कलेज कस्तो छ ?" खासगरी कुनै पनि संस्थामा गएर यो संस्था कस्तो छ भनी सोध्दा के उत्तर आउँछ रु त्यसैले कलेज छनोट गर्न अभिभावकहरूले पनि विद्यार्थीसँगै जानुपर्छ र संस्थाको स्थायित्व, विगतको परीक्षाको परिणाम, पढिरहेका वा पढाइसकेका विद्यार्थीहरूको उदाहरण र सफलता, खर्च, पढाइको वातावरण, शिक्षक शिक्षिका र कर्मचारीको स्थायित्व र क्षमता, पूर्वाधार, लगानीकर्ता आदि पक्षको राम्रो तुलनात्मक अध्यापन गरेर मात्र निष्कर्ष निकाल्नु उपयुक्त हुन्छ । कुनै संस्थाले अस्वाभाविक रूपमा अधिक खर्च लिँदैमा वा न्यून खर्चमा पढाइदिन्छ भन्दैमा वा खर्चको हिसाबमा मात्र शैक्षिक संस्थालाई राम्रो वा नराम्रो भन्नु गलत हुन्छ । कहिलेकाहीँ अस्वाभाविक ज्यादा मूल्यले पनि उपभोक्तालाई आकर्षण गरेको देखिन्छ । खासगरी यस समयमा कलिला विद्यार्थीहरूलाई राम्रो परामर्शदाता, विषयविज्ञ, अनुभवी र दक्ष मानव संसाधनविद्को परामर्शमा डोर्याउनु अति आवश्यक हुन्छ ।

निष्कर्ष

एउटा विद्यार्थीले कक्षा ११ मा अध्ययनका लागि विषय छनोट र स्कूल छनोट गर्ने कुरा उसको जीवनमा एकपटक मात्र आउने र उसको जीवनपर्यन्त महत्व राख्ने विषय भएकाले हामी अभिभावक र आफन्तहरूले उसको यो महत्वपूर्ण घडीमा अत्यन्तै सजग र जिम्मेवार हुनुपर्छ । यस कार्यमा अभिभावकले आफ्ना नानीबाबुलाई समय र साथ दिएर विषय छनोट गराउनु उपयुक्त हुन्छ । यस कार्यमा बौद्धिक र व्यावसायिक परामर्शदातासँग सल्लाह र सुझाव लिँदै विद्यार्थीको रुचिको विषय, उसको स्वभाव र बानी व्यवहारलाई समेत उपयुक्त हुनेमा ध्यान दिनुपर्छ । यस क्रममा पहिलो कुरा विद्यार्थीले भविष्यमा अपनाउन चाहेको पेसाको छनोट, दोस्रो कुरा उक्त पेसालाई चाहिने विषय छनोट र तेस्रो कुरा छानिएको विषयलाई राम्रो वातावरणमा उपयुक्त सेवा पुर्याउन सक्ने संस्थाको छनोट गर्नु उपयुक्त हुन्छ । यसरी विषय र संस्थाको छनोट गरे विद्यार्थीको अध्ययन सही मार्गमा प्रवेश गरेसँगै उसको भविष्यको पेसागत गन्तव्य सहज बन्छ र अभिभावकको लगानीको सदुपयोग हुन गई उनीहरूको मनोकाङ्क्षा पनि पूर्ण हुन्छ ।

# उपभोक्ताको स्वास्थ्य र गुणस्तरका बारेमा स्पष्ट धारणा आउनु पर्छ

काठमाडौँ । नेपाली कांग्रेसको आपूर्ति तथा उपभोक्ता विभागले सर्वसाधारणले दैनिक उपभोग गर्ने बस्तुको गुणस्तरमा कुनै पनि सम्झौता नहुने निष्कर्ष निकालेको छ । विभाग गठन भएपछि पहिलो पटक पार्टी कार्यालय सानेपा ललितपुरमा मङ्गलवार अपराह्न भएको छलफलमा सहभागी उपभोक्तासँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिहरूसँगको छलफलमा यस्तो निष्कर्ष निकालिएको हो । विभागका प्रमुख एवं केन्द्रीय सदस्य गुरु बरालको अध्यक्षतामा भएको कार्यक्रममा उपभोक्ताको स्वास्थ्य र उपभोग्य बस्तुको गुणस्तर सम्बन्धमा कांग्रेसको स्पष्ट नीति आवश्यक रहेको विषयमा पनि चर्चा गरिएको थियो ।

सो अवसरमा धारणा राख्ने सबै व्यक्तिले खाद्य तथा उपभोग्य सामग्रीहरूको गुणस्तर तथा मापदण्डको बारेमा नेपाली कांग्रेसले आम नागरिकको हितलाई ध्यानमा राखेर बस्तुको गुणस्तर र मापदण्ड, उपभोक्ता ऐन, नीति, नियम तय गर्न स्पष्ट दृष्टिकोण पनि आवश्यक रहेको बताउँदै संसद्मा गैर सरकारी विधेयक दर्ता गराउनु पर्नेमा पनि जोड दिएका छन् ।

सो अवसरमा आपूर्ति तथा उपभोक्ता विभागका संयोजक एवं कांग्रेस केन्द्रीय सदस्य बरालले उत्पादन र उपभोक्ताका हितका विषयमा कानुनी अप्ठ्यारोहरू के छन्, जोखिमहरू केके छन्, समस्यालाई सम्बोधन गर्दै उपभोक्ताको हक अधिकार संरक्षण कसरी गर्न सकिन्छ भन्ने अभिप्रायले सरोकारवालहरूसँग छलफल गरेको बताए ।



उनले भने 'दैनिक उपभोग्य वस्तुमा अत्यधिक मूल्य वृद्धिले चामल, चिनी, दाल, तेल, माछा-मासु, सागसब्जी तथा फलफूल अत्यधिक महँगिँदा आम उपभोक्ताको भात भान्छा अत्यन्त महँगो भएको छ, यस विषयमा कांग्रेस बेखबर बन्न सक्दैन, सत्ता रहँदा होस् या प्रतिपक्ष रहँदा होस्, काँग्रेसले उपभोक्ताको अधिकार संरक्षणमा, क्षतिपूर्तिको व्यवस्थामा, भएका कानुन कार्यान्वयनमा ध्यान दिनु आवश्यक छ, यसैका आधारमा नीति तय गरेर लोक कल्याणकारी समाजवाद उन्मुख संविधानको मर्मलाई लागू गराउन हाम्रो भूमिका रहनेछ ।'

आम नागरिकको खाद्य माथिको सहज पहुँचको साथै स्वास्थ्य र गुणस्तरीय उत्पादनको उपभोग गर्न पाउने वातावरण सुनिश्चित गर्नेतर्फ पार्टीको ध्यान केन्द्रीकृत गराउने पनि बरालले बताए । राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले उपभोक्ता अधिकारको बारेमा विभागले पहिलो पटक सुझाव सङ्कलन गरेको जानकारी दिँदै आगामी दिनहरूमा सरोकारवालाहरूसँगको छलफल र अन्तरक्रियामा नीति निर्माण तथा कार्यान्वयनलाई अझ प्रभावकारी बनाउनु पर्नेमा जोड दिए । 'समृद्ध नेपाल निर्माणका लागि काम गर्छौ दैनिक उपभोग्य वस्तुको आपूर्ति र जनताको आवश्यकता पूरा गर्न लागि उपभोक्ता अधिकारलाई बलियो बनाउनुपर्छ, पार्टीको दस्ताबेज निर्माणका लागि छलफल बहसले भूमिका निर्वाह गर्छ यसलाई अझै व्यापकता दिनु आवश्यक छ ।' उनले भने ।

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्र कुमार कुँवरले बजारमा पाइने खाद्य पदार्थ कम गुणस्तरीय र अस्वस्थकर रहेको भन्दै गुणस्तरका बारेमा काँग्रेसले आवाज उठाउनु पर्छ भन्ने धारणा राखे । 'बजारका खाद्यान्न अस्वस्थकर भए, शुद्धताको विषयमा ध्यान दिनु जरुरी छ, हानिकारक कुरा र रसायनले मानव स्वास्थ्यमा असर पारिरहेको छ, बजारलाई नियमन गर्ने, गुणस्तर कायम गर्ने सरकारको मोडेल र नीति हुनुपर्छ, आपूर्ति शृत्त लामा भएको लामो अन्तरलाई ध्यान दिनुपर्नेछ, नीतिगत कुरामा सुधार गर्नुपर्छ, भोटसँग जोडिएका राजनीतिक नेताबाट हैन कर्मचारी संयन्त्रबाटै बजार अनुगमन हुनुपर्छ ।' उनले भनाइ छ । उनले उपभोक्ताको सूचनाको हकलाई प्रभाकारी बनाइनु पर्छ भन्दै भएका कानुनलाई प्रभावकारी कार्यान्वयन गरेर काम गर्ने व्यक्तिहरूलाई जिम्मेवार बनाउनुपर्छ भन्ने धारणा राख्दै सबै क्षेत्रमा समस्या रहेकोतर्फ सचेत गराए ।

नेपाल आयल निगमका पूर्वकार्यकारी निर्देशक इन्जिनियर उमेशकुमार थानीले उपभोक्ताको हित संरक्षण गर्ने सन्दर्भमा राज्यको निर्णय क्षमता कमजोर भएका कारण वितरण प्रणालीमा बेलाबेलामा समस्या आउने गरेको बताए ।

उनले भने 'म एक्काइस महिना नेपाल आयल निगमको कार्यकारी हुँदा निगमको हितका साथै उपभोक्ताको हितलाई पनि ध्यानमा राखेर काम गरियो । जनतालाई तेलको मूल्य बढ्दा बढी चासो हुन्छ । २१ महिना कार्यकारी भूमिकामा हुँदा इन्डियन आयल कर्पोरेसनको सबै बक्यौता तिरियो, स्वचालित मूल्य प्रणाली लागू गरेको केही समयपछि नै सल्लाह गरेर पद छोडेको हुँ ।'

थानीले अहिले नेपालमा पेट्रोलियम पदार्थ ढुवानी गर्ने १९ सय ट्याङ्कर सबै निजी क्षेत्रका भएको बताउँदै आयल निगमको एउटा पनि ट्याङ्कर नहुँदा बेलाबेलामा ढुवानी व्यवसायीहरूको आन्दोलनका कारण उपभोक्ताहरू मारमा पर्ने गरेको पनि बताए । अहिले इन्डक्सन चुलोको प्रयोगले एलपी ग्यास खपतमा कमी आएको बताउँदै सरकारले उपभोक्ताका हितमा हुने गरी एलपी ग्याँसको खपत घटाउन उपभोक्तालाई सहज हुने गरी विद्युत् महसुस र विद्युतीय चुलोको व्यवस्थापन गर्ने नीति अङ्गीकार गर्नु पर्नेमा जोड दिए । दुग्ध विकास संस्थान (डिडिसी) काठमाडौँ आयोजनाका वितरण प्रमुखका गणेशकुमार यादवले कमिसन र माफियातन्त्रले गर्दा डिडिसीलाई सिद्ध्याउने गरी काम भइरहेको बताए । उनले अनावश्यक हल्लाले पनि डिडिसीलाई समस्या पारिरहेको बताउँदै उपभोक्तालाई सहज हुने गरी नै उत्पादनहरूलाई वितरण गरिरहेको बताए ।

आर्थिक मन्दिर र युवाहरूको विदेश पलायनले दूधको खपत कम भएको बताउँदै मखन नै ८ सय पचास मेट्रिक टन स्टकमा रहेका कारण पाँच महिनादेखि किसानले भुक्तानी पाउन नसकेको बताए । उनले किसानलाई तिर्नु १ अर्ब २९ करोड रहेको जानकारी दिए । हेटौँडा सिमेन्ट उद्योगका महाप्रबन्धक वसन्त कुमार पाण्डेले बिचौलियाका बारेमा पार्टीले बोल्नु पर्ने बताए । 'पुराना उद्योगका उत्पादन महँगो हुने गरेका कारण उपभोक्ता मारमा छन्, उत्पादन लागत घटाउन सरकारले नयाँ प्रविधिमा रूपान्तरणका लागि प्रोत्साहन गर्नुपर्छ । सरकारले औद्योगिक क्षेत्रमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने छ, सरकारले चलाउने उद्योगबाट उत्पादन हुने सिमेन्ट भन्दा निजी क्षेत्रबाट उत्पादन हुनेमा लागत कम हुने गरेको छ, जसअनुसार प्रतिस्पर्धा गर्नुपर्दा सस्तोमा बेच्नुपरेकाले घाटा व्यहोर्नु परेको छ ।' उनले भने ।

नेपाल औषधि लिमिटेडका अध्यक्ष यज्ञप्रसाद न्यौपानेले भने गुणस्तर कायम राख्न र मूल्य नियन्त्रणका लागि उत्पादनमा सरकारको उपस्थिति हुनु पर्नेमा जोड दिएका थिए । उनले भने 'सरकारको उपस्थिति हुँदैनथ्यो भने अहिले सिटामोलको न्यूनतम मूल्य अहिलेको भन्दा ६ सय गुणामाथि हुन्थ्यो । उत्पादनमा सरकारको उपस्थिति हुनुपर्छ, तरकारी, फलफूल, दूध र खाद्यको विषयमा गुणस्तर कायम गर्न हाम्रो आफ्नो मापदण्ड बनाउनुपर्छ ।' नेपाल फलफूल तथा तरकारी व्यवसायी महासङ्घका निवर्तमान अध्यक्ष खोमप्रसाद घिमिरेले फलफूल तथा तरकारी सम्बन्धी उपभोक्ताको हितमा हुने गरी स्पष्ट नीति आवश्यक रहेको बताएका छन् । 'आपूर्ति सम्बन्धी योजनाबद्ध नीति आवश्यक छ, सधैँ आपूर्ति मात्रै गरेर धेरै समय धान्न सकिँदैन, पुँजी बाहिरिने समस्या रोक्न उत्पादन वृद्धि,सन्तुलित मूल्य शृत्त लाका लागि नीति बनाइनुपर्छ, किसानहरूको उत्पादनले मूल्य नपाएर पीडित हुनुपरेको छ, फलफूल र तरकारीलाई स्थानीय तहले समर्थन मूल्य तोक्नु जरुरी छ। प्रदेश सरकारले पनि आवश्यक नीति लिनु आवश्यक छ। तरकारी तथा फलफूलको गुणस्तर मापदण्ड राखिनुपर्छ ।' उनको भनाई थियो ।

# प्रभु बैंकका ग्राहकलाई मुस्ताङका होटल तथा रेष्टुरेन्टमा छुट

काठमाडौं । प्रभु बैंकका कर्मचारीहरु तथा ग्राहकवर्गहरुलाई मुस्ताङमा अवस्थित विभिन्न होटलका सेवामा विशेष छुट दिने सम्झौता भएको छ । छुट्टा-छुट्टै समारोहकाबीच सम्पन्न सम्झौतामा विभिन्न ११ होटेलका सञ्चालक र प्रभु बैंकका तर्फबाट जोमसोम क्लष्टर प्रमुख शाखा प्रमुख नरेन्द्र थकाली सहित विभिन्न शाखाका शाखा प्रमुखहरुद्वारा हस्ताक्षर गरेका हुन् । सम्झौता अनुसार प्रभु बैंकका कर्मचारीहरु तथा ग्राहकहरुले बैंकसँगको आबद्धता प्रमाणका आधारमा आवास, खाना, खाजा तथा होटलमा उपलब्ध सम्पुर्ण सेवा सुविधाहरुमा विशेष छुट प्राप्त गर्न सक्ने बैंकले जनाएको छ ।

मुस्ताङ जिल्ला नेपालको




गण्डकी प्रदेश धौलागिरी अन्चलको सबैभन्दा उत्तरमा पर्ने जिल्ला हो । हिमालपारीको नामबाट चिनिने यो जिल्ला धौलागिरी र निलगिरी दुई अग्ला हिमशिखर को बिचमा अवस्थित छ । प्राकृतिक,साँस्कृतिक, धार्मिक तथा मनोरञ्जनात्मक गतिविधिहरुले भरिपुर्ण मुस्ताङ जिल्ला नेपालको हिमाली जिल्लाको रुपमा पनि प्रख्यात छ । अलौकिक रुपको सुन्दरता बोकेको यस जिल्ला देख्नमा पनि अन्य भन्दा अलि भिन्न किसिमको छ । मुक्तिनाथ, कागवेनी, दामोदर कुण्ड जस्ता धार्मिक एवम् जोमसोम,मार्फा, ढुम्बाताल,लेते जस्ता प्राकृतिक एवम् लोमान्थाङ्ग जस्ता साँस्कृतिक रुपमा परिचित मुस्ताङ स्याऊ,आलु फापर, सिमि जस्ता कृषि उत्पादनले पनि प्रख्यात छ ।

विभिन्न जातजाति र धर्म संस्कृतिले भरिपूर्ण हिमालपारि को ईतिहास बोकेको एक रमणिय, धार्मिक र अलौकिक जिल्लाका रुपमा पनि मुस्ताङ जिल्ला चिन्न सकिन्छ भने अन्नपूर्ण पदयात्रा,थोरङ्गलापास जस्ता यात्राको ट्रान्जिट सेन्टरको रुपमा पनि लिन सकिन्छ ।विभिन्न देश तथा बिदेश बाट यस स्थानमा पर्यटकहरुको आगमन हुने गरेको पाईन्छ । विश्वमै अति दुर्लभ हिमचितुवा, च्यांग्रा, भेडा, चौरि गाई ,घोडा जस्ता जनावरहरु देख्न सकिन्छ भने विभिन्न जातिका भेषभुषा सजिएर तस्विर खिचाउने यहाँका पर्यटकका लागि अर्को रोचक विषय पनि हो । सो सम्झौता बमोजिम ग्राहक वर्ग तथा प्रभु बैंकका कर्मचारीहरुका लागि आवास तथा खानामा १० प्रतिशतसम्मका छुटहरु प्राप्त गर्न सक्ने बैंकले जनाएको छ ।






कौशलकुमार भट्टराई  कृष्ण लम्साल  पिएमणि भट्टराई  हरि शरण जमकटेल

प्रधान–सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौँ–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## सम्पादकीय................

# अनिवार्य र नि:शुल्क शिक्षाको पालिका

काभ्रेपलाञ्चोक जिल्लाको रोशी गाउँपालिकाको नयाँ पहिचान जुरेको छ। उक्त पालिकालाई 'अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको पालिका' घोषणा गरिएपछि त्यस्तो पहिचान आएको हो।गाउँपालिका अध्यक्ष दिनेश लामाको प्रस्तावमा बागमती प्रदेश शिक्षा विकास निर्देशनालयका महानिर्देशकले उक्त घोषणा गरेका हुन्। उक्त गाउँपालिकाको टोल बस्तीभित्र गरिएको सर्वेक्षणलाई आधार मानेर उक्त घोषणामा पुगिएको हो। छ हजार सात सय ५२ घरका चार वर्षदेखि १३ वर्षसम्मका विद्यालय उमेर समूहका पाँच हजार सात सय चार बालबालिका विद्यालयमा भर्ना भएकाले त्यस्तो निर्णयमा पुग्न सहज भएको हो। पालिकाका सबै वडामा अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको वडा घोषणा यसअघि नै भैसकेको थियो। रोशी गाउँपालिका अध्यक्ष लामाले विद्यालय जाने उमेरका पालिकाका सबै बालबालिका विद्यालय गएकाले आफ्नो पालिकालाई अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणा गरिएको भनी स्पष्ट पार्ने कार्य गरेका छन्।

काभ्रेपलाञ्चोकको अलि दुर्गम पालिकाको रुपमा यो पालिका रहेको छ। यस्तो अवस्थामा पनि पालिकाले पहिले सबै वडामा उक्त कार्यक्रम सफल पार्न सक्नु राम्रो कार्य हो। तामाङ समुदायको बाहुल्यता रहेका धेरै पालिकाहरुमा अझै पनि कतिपय बालबालिकाहरु विद्यालय जानबाट वंचित रहेका भन्ने समाचारहरु आइरहेका छन्। बागमती प्रदेशमै रहेका कतिपय पालिकाहरुले यस्तो राम्रो कार्य गर्न नसकिरहेको अवस्था छ। यस्तो स्थितिमा रोशी गाउँपालिकाले थालेको नयाँ कर्मले सार्थकता पाएको देखिन्छ। तामाङ समुदायको बाहुल्यता रहेको पालिका भएर पनि यो पालिकामा रहेका बालबालिकाहरुलाई विद्यालयको पहुँचमा पुर्याउन सक्नुलाई अन्य पालिकाले पनि अनुकरणीय रुपमा लिनुपर्ने देखिन्छ।

पछिल्लो समयमा विभिन्न पालिकाहरुले आफ्नो छुट्टै पहिचान बनाउनका लागि विभिन्न किसिमका कार्यहरु गर्दै आएका छन्। नेपाली कांग्रेसबाट निर्वाचित भएर पनि पालिका प्रमुख दिनेश लामाले राजनीतिक दलको भूमिका भन्दा पनि माथि उठेर सबै वडाहरुमा यो कार्यलाई पहिले प्राथमिकतामा राखी कार्यान्वयन गराउन लागि परे। उनले वडाहरुमा सफलता पाएपछि मात्र पूरै पालिकालाई घोषणा गराउन सफल भएका हुन्। यस्तो अवस्थामा उनी धन्यवादका पात्र पनि छन्। यो कुरा जति गौरवका साथ अहिले प्रचार गरिएको छ त्यसलाई निरन्तरता दिनका लागि भने व्यावहारिक रुपमा कठिनाइ हुने अवस्था छ। स्थानीय स्तरमा कसैले राम्रो कार्य गरेमा सोही पालिकामा क्रियाशील अन्य दलहरुले त्यसलाई सकारात्मक रुपमा नलिने चलन पनि छ। अरुले गरेको विकासलाई समेत पचाउन नसक्ने खालको चरित्र नेपालीजनमा देखिने गरेको अवस्थालाई सो पालिकाले चिर्न सक्नुपर्दछ। राम्रा काम गर्नेहरुलाई प्रोत्साहन दिनु पर्छ।

# पहिरो र भू-स्खलनको समस्या तथा समाधानका उपायहरु



**गम्भीर बहादुर हाडा**
**निवर्तमान सह–प्राध्यापक, अर्थशास्त्र**
**भक्तपुर बहुमुखी क्याम्पस**

पहिरो जानु वा भू-स्खलन हुनु पनि एक ठूलो वातावरणीय समस्या हो। पृथ्वीको गुरुत्वाकर्षण शक्तिको कारणले ग र्दा अग्लो धरातलबाट होचो भागतिर माटोको पिण्ड, चट्टानका ढिक्का वा समूह लगायत अन्य पदार्थ (Earth Material) बग्ने, सर्ने प्रक्रियालाई पहिरो (Landslide) भनिन्छ। जमिनको ढाल, भौगर्भिक हलचल, पानीको चाप, चट्टानको बनावट र धरातलीय संरचना आदिबाट पहिरो जान्छ। मानवीय क्रियाकलाप पनि पहिरो जानुको मुख्य कारक तत्व हो। महाभारत तथा चुरेश्रृङ्खला भू-भागहरु पहिरोबाट बढी प्रभावित छन्। पहिरोबाट ठूलो धनजनको क्षति हुन्छ। कहिले काहीँ त पूरै गाउँ नै पहिरोबाट नोक्सान भएको नेपालमै उदाहरण छन्।

पहिरो खस्ने (Fall), सर्ने (Slide) र बग्ने (Flow) गरी प्रकारबाट हुन्छ। पहिरो विशेष गरेर वर्षाको पानी तथा हिउँ पग्लने क्रियाबाट लुब्रिकेन्टद्वारा माथिल्लो धरातलीय भाग टुक्रिने, भाँचिने र तलतिर खस्ने हुन्छ। विश्वका पर्वतीय क्षेत्रमा जहाँ धरातलीय बनावट कमजोर छ त्यहाँ पहिरोको प्रकोप बढी देखिन्छ। नेपालमा काली गण्डकीको विर्धामा गएको पहिरो सबैभन्दा ठूलो मानिन्छ। महाभारत पर्वत र चुरे श्रृङ्खला पहिरो जाने क्षेत्र हुन्। माटो, चट्टान, वनस्पति, जङ्गल र बस्ती नै बगाउने र पुर्ने खतरा हुन्छ। पहिरो क्षति पहिरोको गति तथा मात्रा अनुसार फरक फरक हुन्छ। वातावरणमा भएको प्राकृतिक वा मानवीय परिवर्तनले गर्दा भू-स्खलन हुन्छ। प्राकृतिक कारणहरुमा भूकम्प, भूमिगत जलको पानीको सतहमा उतारचढाव, ऋतुक्षरणका कारण चट्टानको कडापनमा ह्रास आदि पर्दछन्। खेतीको लागि कान्ला निर्माण, भिरालो जमिनमा बाटोको निर्माण, खानी सञ्चालन आदि भू-स्खलनका मानवीय कारणहरु हुन्।

भूक्षय प्रत्यक्ष वा अप्रत्यक्ष मानवीइ कारणले गर्दा हुनसक्छ। भीरहरुलाई बाटो वा अन्य प्रयोजनको लागि तलबाट काट्नाले, भूमिगत जलमार्गमा (बहावमा) परिवर्तन हुनाले पनि भू-स्खलन हुन्छ। वन फँडानी गर्दा सतहमा बग्ने पानी र जमिनभित्र छिर्ने पानीको परिमाणमा परिवर्तन भई भू-स्खलन हुन सक्दछ। कमजोर भीरहरुमा घर बनाउनाले पनि भू-स्खलन हुनसक्छ। बाध्यता वा अशिक्षाले धेरै मानिसहरुलाई आफू बसेको भिरालो जमिनमा पहिरो जान सक्ने सम्भावना छ भन्ने थाहा छैन। भू-स्खलन गराउने प्रमुख कारण पानी हो। सबैजसो भू-स्खलन पानीको उपस्थितिमा मात्रै हुन्छ। भीरालो सतहमा भएको जमनिको सम्पूर्ण छिद्र पानीले भरिएपछि पानीको चापले गर्दा भू-स्खलन हुन्छ। अधिक वर्षात्, भूमिगत जल सतहमा परिवर्तन, नदीका किनारा तथा तटीय क्षेत्रमा पानीको सतह परिवर्तन हुँदा भू-स्खलन हुन्छ। भूकम्पको कारणले हुने जमिनको चालले गर्दा भू-स्खलन हुन्छ। तर यसरी हुने भू-स्खलन धेरै कम हुन्छ। ज्वालामुखी फुट्दा हुने कम्पनले भू-स्खलन हुन सक्दछ। त्यस्तै ज्वालामुखीबाट निस्किएको लाभाले त्यहाँ भएको हिउँ एकैचोटी पगाल्दा ठूलो परिमाणमा पानी बग्दछ, जसले छेउछाउमा भिरालो जमिनको आधार (Toe) कटान गर्छ र भू-स्खलन हुन्छ।

नेपालको करिब ६८ प्रतिशत भू-भाग पहाडले ओगटेको १५ प्रतिशत भाग हिमाल र बाँकी १७ प्रतिशत भूभाग तराईले ओगटेको छ। तसर्थ ८३ प्रति भूभाग पहाड र हिमालले ओगटेको जसमा धेरैजसो भूभागहरु पहाडी भिरालो हुनाले वर्षाको बेलामा बाढी पहिरो वर्षेनी एक समस्या बनेको हुनाले वातावरण निराशसको प्रमुख कारक तत्व भनेकै Land slide भनेको छ। Land Slide को विभिन्न प्रकारहरु हुन्छन्, त्यस्तै Land Slide का कारणहरुमा प्राकृतिक स्रोतको सही व्यवस्थापन नहुनु, अव्यवस्थित चरण, कमजोर चट्टान, भूकम्प जस्ता तत्वहरु पर्दछन्।

नेपालको सन्दर्भमा कुरा गर्दा वातावरणीय विकासको अर्को महत्वपूर्ण तत्व भनेको बाढी हो। वर्षाको बेलामा तराई डुबानमा परेर हेलिकप्टरबाट मानिसको उद्धार गर्नु कुनै नौलो कुरा होइन। काठमाडौंमै टुकुचा बाढि आउनु, होचाघरहरुमा पानी पस्तु, धोविखोला, बागमती, विष्णुमतीले बस्तीहरु बगाउनु नौलो कुरा होइन तर पहाडी इलाकामा भने बाढीले ठूलठूला भीमकाय पैरोलाई पनि सँगै ल्याउँछ र स्थिति अरु जटिल बनाउँछ। बाढिका कारणमा नेपालको पहाडी भूभागले सतह भिरालो र कमजोर बनाई बाढीलाई बढावा दिन्छ।

माटोमा देखिने अर्को समस्या भनेको क्यर्ष भचयकष्यल हो जसलाई भू-क्षयबाट चिन्न सकिन्छ। यो जमिनमा हालिएको रासायनिक मललगायत अन्य तत्वले माटोलाई कमलो बनाउँछ, त्यस्तै, माटोमा उबिलतबतष्यल पनि हुँदैन भएका प्राकृतिक स्रोतहरु पनि नाँसिदै जाने हुनाले कयर्ष भचयकष्यल नेपालमा एक ठूलो समस्या बनेको छ। यो प्रक्रिया मानवीय गतिविधि र प्राकृतिक दुवै गतिविधिले असर पार्छ, र यसमा मौसम र हावापानीको पनि ठूलो हात हुन्छ।

बाढी, भूकम्प वा अन्य कुनै कारणबाट भैरहेको जमिनको आकार बिग्रनु वा भत्कनुलाई Landslide भनिन्छ। Landslide पृथ्वीको सतहमा प्रत्यक्ष देखापर्ने बाह्य शक्तिद्वारा सञ्चालित बलहरुद्वारा हुने गर्दछन्। जस्तैः बाढी, भूकम्प, ज्वालामुखी इत्यादी। उल्लिखित कारणबाट मात्र Landslide नभएर पृथ्वीको आन्तरिक गतिको कारणले पनि जमिन क्षयीकरणमा सहयोग पुर्याइरहेको छ। शाब्दिक रुपमा Landslide भन्नाले गुरुत्वाकर्षण शक्तिको कारणले गर्दा अग्लो ठाउँबाट होचो ठाउँतर्फ झर्दै जाने माटो ढुङ्गा, कङ्कड तथा अन्य अवस्थित तत्वहरु नै हो। भइरहेको भौगोलिक संरचना बिग्रन जाँदा सो भौगालिक संरचना निर्माण गर्ने ढुङ्गा माटो, कङ्कड उपयोगितामा ह्रास आउन जान्छ। जब एक ठाउँमा यि पदार्थहरु जम्मा हुन्छन्, तिनीहरु आफ्नो पूर्ववर्ती रुपलाई परिवर्तन गरेर नयाँ रुपमा बद्लिन्छन्। जसमा दुबै तर्फबाट वातावरणीय ह्रसा हुन पुग्दछ। जुन ठाउँमा पहिरो जान्छ उक्त स्थानमा खुकुलो रुपमा रहेको माटोको मात्र पूर्णतया बगेर जान्छ। त्यसका साथै त्यहाँ रहेका ढुङ्गा कङ्कड लगायतका विभिन्न पदार्थहरुलाई नदीको पानीले बगाएर अन्यत्रै कुनै प्रकारको जमिनमा थुप्रन गई भइरहेको जमिनको संरचनालाई पूरै बिगारिदिन्छ। पहिरोको प्रकोप प्रायजसो देशहरुले भोगिरहेका छन्, जसमा नेपाल अछुतो छैन। यसले विभिन्न क्षेत्रहरुलाई विभिन्न तहबाट असर पुर्याइरहेको हुन्छ। यस्तो विनाशकारी घटना घट्नुका कारणबाट तल उल्लेख गरिन्छ।

पृथ्वीको भौगोलिक संरचनामा विभिन्न घटनाहरु घट्ने गर्दछन्। कुनै घटना त्यस्ता विनाशकारी हुन्छन् जसका प्रभावबाट जमिनको बनावट विग्रन जान्छ। पृथ्वीको भित्री तहमा रहेको तातो, जल्दोबल्दो पदार्थहरु कुनै ठोस र कुनै अर्धतरल रुपमा अवस्थित रहेका हुन्छन्। पृथ्वीको बाह्य चापको कारण ती पदार्थहरु कमलो खुकुलो ठाउँ पेला पारेको खण्डमा बाहिर निस्कन्छन्। त्यतिबेला पृथ्वीको भित्री सतहमा रहेका विभिन्न यौगिकहरु बहिरी सतहमा निस्कन्छन् जसको कारण प्रत्यक्ष पहिरो नगए पनि अप्रत्यक्ष रुपमा मौजुदा जमिनलाई कमजोर पारी माँजा र दरार उत्पन्न गराई भूबनोटलाई विगारी दिन्छ।

वर्षाको पानी पहाडको सतहमा रहेको माटो र ढुङ्गाको कणहरुका बीचमा रहेको खाली भागमा पसेपछि त्यो माटो र ढुङ्गाका कणहरु झन् धेरै खुकुला हुन जान्छन्। त्यसपछि गुरुत्वबल र धेरै भिरालो परेको पहाडहरुको सतहको कारणले ती माटो र ढुङ्गाहरु चिप्लिएर पहाडको फेदीमा पुग्छन्। जसलाई हामी पहिरो गएको भनी व्याख्या गर्छौं। यसले पहाडी भू-भागको सतहमा रहेका सबै किसिमका वस्तुहरुलाई बगाएर पहाडको फेदीमा पुर्याउँछ र पहाडको फेदीमा बगिरहेको नदीले माटो लगायतका अन्य वस्तुहरुलाई बगाएर अन्य ठाउँमा पुर्याउँछ। पहिरोको कारणले माटोको सतहमा रहेका मानव वस्तीहरु, वनस्पतिहरु सबै बगेर गई त्यस ठाउँमा प्राकृतिक विपत्ति पनि सिर्जना हुन जान्छ। यसलाई भू-क्षयको प्रमुख कारक पनि मानिएको छ। पहिरोको सबभन्दा बढी खतरा भएको पहाडी भू-भाग बढी मलिलो माटो भएको क्षेत्र हो। यदि बढी ढल्काई भएको पहाडमा माटोको मात्रा बढी छ भने त्यस्तो पहाडमा पहिरो जाने सम्भावना ठूला चट्टान भएको भू-भागमा भन्दा बढी हुन्छ किनभने त्यस्तो माटोमात्र भएको भू-भागको माटो खुकुलो हुन्छ जसको भित्रसम्म पनि वर्षाको पानी सजिलै प्रवेश गर्न सक्छ र पहिरो जाने खतरा बढी हुन्छ।

**आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार** यस आर्थिक वर्षमा बाढी पहिरोजस्ता प्राकृतिक प्रकोपबाट जोखिममा रहेका बस्तीको पहिचान गरी विस्थापित भएका परिवारहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने कार्यक्रम राखिएको छ। यसको साथै वैज्ञानिक आधारमा जमिनलाई खेतीयोग्य र अन्य प्रयोजनको लागि वर्गीकरण गर्ने ब्यवस्था मिलाइने लक्ष्य राखिएको छ। भू-उपयोग योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय तहलाई सहयोग एवं सहजीकरण गरी भूमिको वर्गीकरणलाई पारदर्शी र यथार्थपरक बनाइने नीति राखिएको छ। यस बजेटमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको लागि रु. ७ अर्ब २४ करोड विनियोजन गरिएको छ।

आर्थिक सर्वेक्षण २०७९/८० मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा ९४ स्थानमा गरिएको पानी पोखरी संरक्षणबाट १,९२१ घरधुरी र ३२ स्थानमा बाढी, पहिरो, तथा गल्छी नियन्त्रण भई १,०५२ घरधुरी प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्। यसैगरी १४ सङ्कटासन्न घरधुरीमा घरायसी सौर्य ऊर्जा जडान तथा ३८४ घरधुरीमा सुधारिएको चुलो जडान गरिएको छ।

**पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७–२०८०/८१) मा उल्लेख गरिएअनुसार** यस योजनामा समन्यायिक, उत्पादनमुखी र दिगो भूमि व्यवस्था लागू गर्ने सोंच राखिएको छ भने दिगो विकासको अवधारणाअनुरुप भूमि व्यवस्थालाई राष्ट्रको समृद्धिको आधार बनाउने लक्ष्य पनि राखिएको छ। यसको साथसाथै कोशी, गण्डकी, कर्णाली र महाकाली नदी बेसिन लगायत नदी प्रणालीको विभिन्न तहको समन्वयमा एकीकृत जलाधार व्यवस्थापन नीति र योजना तयार गरी कार्यान्वयन गरिने नीति राखिएको छ। जलाधार संरक्षण र संवर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरणका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम पनि राखिएको छ। जल, वायु, माटो, ध्वनि तथा विद्युतीय लगायत सबै प्रकारका प्रदुषणको रोकथाम र नियन्त्रण गर्ने पनि उद्देश्य राखिएको छ। नदीकिनारा अतिक्रमणलाई रोकी सो ठाउँमा वृक्षारोपणलार्य अभियानको रुपमा सञ्चालन गरिने कार्यनीति पनि राखिएको छ। यसको साथै नदीको स्वच्छता कायम राख्न प्रदूषित पानी, ढल र फोहोरमैलालाई नदीमा मिलाउने कार्य नियन्त्रण गरिने कार्यक्रम राखिएको छ। वातावरण व्यवस्थापनमा सम्बद्ध सरोकारवालाहरुको लागि तालिम, गोष्ठी अध्ययन, भ्रमण सञ्चालन गरी बिशिष्टिकृत क्षमता अभिबृद्धि गरिने कार्यक्रम राखिएको छ।

# महामन्त्री शर्माको अध्यक्षहरुमाथि आरोप

ललितपुर/ नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले सरकारमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा (एमाले) र प्रधानमन्त्रीमाथि आरोप लगाएका छन्।

उनले रास्वपालाई सहकारी ठगीबाट पार्टी सभापति रवि लामिछानेलाई कसरी जोगाउने भन्ने चिन्तामात्र रहेको आरोप लगाएका हुन्। काठमाडौंमा आयोजित एक कार्यक्रममा महामन्त्री शर्माले एमालेलाई अध्यक्ष खड्गप्रसाद शर्मा ओलीलाई गिरीबन्धु टिस्टेट प्रकरणबाट जोगाउने चिन्ता थपिएको आरोप लगाए। यसैगरी आफ्नो भाषणमा शर्माले प्रधानमन्त्री पुष्पकमल दाहाललाई नेपाल र नेपालीको हितमा के गर्न सकिन्छ भन्न कुरामा चिन्ता हुनुपर्नेमा संसद् भित्र रहेका सांसदको गणितको मात्रै चिन्ता रहेको भन्ने आरोप शर्माले लगाएका छन्।

शर्माले आफ्नो आरोपलाई थप स्पष्ट गर्दै आफ्नो दलको सभापतिलाई सहकारी ठगीबाट कसरी जोगाउन सकिन्छ भन्ने चिन्ता रहेको पार्टीले देश बनाउन नसक्ने दाबी गरे। यसैगरी उनले एमालेप्रति लक्षित गर्दै पार्टी अध्यक्ष ओलीलाई गिरीबन्धु टिस्टेट प्रकरणबाट जोगाउन लागिपर्दा एमालेजनको ओठमुख सुकेको बताए।

रास्वपा र एमालेप्रति खनिएका महामन्त्री शर्माले सोही कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालमाथि पनि खनिए। उनले प्रधानमन्त्री दाहालप्रति भन्दा पनि उनको कार्यशैली आपत्तिजनक रहेको धारणा राखे। शर्माले प्रधानमन्त्री दाहालले पदलाई दमदार बनाउनुपर्छ भन्ने गरी काम गर्न नसकेको सुनाए।

उनले प्रधानमन्त्री दाहाललाई अंकगणित मिलाएर सरकारमा रही रहने कुरामा मात्रै ध्यान रहेको बताउँदै दाहालले यसअघिको सत्ता गठबन्धन तोडेर अर्को नयाँ गठबन्धन बनाउनुको कुनै औचित्य स्पष्ट गर्न नसकेको आरोप पनि लगाए। उनले 'देश कहीँ न कहीँ आशाको सम्भावनाको मोडमा छ। देशले आर्थिक रूपान्तरणको एउटा गति लिने सम्भावनाको मोडमा रहेको छ। सरकार सिंगो अस्तित्व हो तर आज सिंगो अस्तित्व नदेखिएर टुक्रा टुक्रा देखिएको छ।' भन्दै सरकारमा सहभागी मुख्य तीन दलको चिन्ता आफ्ना अध्यक्षहरुमाथि लागेका आरोपबाट कसरी जोगाउने भन्ने छ भने जसपा भनी नयाँ बनाइएको दलमा आफ्नो अस्तित्वलाई अदालतले मान्यता देला कि नदेला भन्ने चिन्ता रहेको बताए। उनले हाँसो गर्दै भने, 'प्रधानमन्त्रीजी उपप्रधानमन्त्रीले बोलेको कुराको जवाफ दिएर बस्नुपरेको छ।'

# ग्लोबल आइएमई बैंकले ओपेक फण्डबाट २५ मिलियन डलर ऋण लिँदै




काठमाडौं । ओपेक फण्डले ग्लोबल आइएमई बैंकलाई २५ मिलियन डलर ऋण प्रदान गर्ने भएको छ। यससम्बन्धी सम्झौतामा ओपेक फण्डका अध्यक्ष अब्दुल हमिद अल्खलिफा र ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले हस्ताक्षर गरेका छन् । यो ऋण लघु, साना तथा मझौला उद्यमहरुलाई वित्तीय पहुँच बढाउन, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्न र महिलाहरुद्वारा सञ्चालित व्यवसायहरुको क्षमता अभिवृद्धि गर्न परिचालन गरिनेछ । लघु, साना तथा मझौला उद्यमको संख्या नेपालमा दर्ता कुल व्यवसायको ९५ प्रतिशतभन्दा बढी रहेको छ भने यसले ४५ प्रतिशतभन्दा धेरै रोजगारी सृजना गरेको छ। यसका बाबजुद, लघु, साना तथा मझौला उद्यमहरुले लगानीको ठूलो अभाव झेलिरहेका छन् ।

'नेपालमा लघु, साना तथा मझौला व्यवसायहरु र जलवायु परिवर्तनका असर न्यूनीकरणसम्बन्धी परियोजनाहरुलाई सुदृढ बनाउन ग्लोबल आइएमई बैंकसँग साझेदारी गर्न पाउँदा हामीलाई खुशी लागेको छ। यी क्षेत्रहरु दिगो आर्थिक वृद्धि र जलवायु परिवर्तनको प्रतिरोधात्मक क्षमताका लागि निकै महत्वपूर्ण छन्। हाम्रो यस ऋणले लगानीको अभाव सामना गरिरहेका विभिन्न क्षेत्रमा वित्तीय पहुँच बढाउँदै समावेशी विकासलाई प्रवर्द्धन गर्नेछ,' अल्खलिफाले भने। 'यो ऋण सम्झौताले दिगो विकास लक्ष्य हासिल गर्न र जलवायु तथा लैंगिक वित्तमार्फत त्यस क्षेत्रमा देखिएको स्रोतको अभावलाई परिपूर्ति गर्न महत्वपूर्ण सहयोग गर्नेछ। साथै, नेपालमा हरित ऊर्जा क्षेत्रको स्रोत अभावलाई सम्बोधन गर्दै महिलाहरुलाई आर्थिकरुपमा सशक्त बनाउन सहयोग गर्नेछ,' ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले भने।

यस महत्वपूर्ण सहकार्यको लागि ओपेक फण्डलाई धन्यवाद व्यक्त गर्दै उनले यस सहकार्यले नेपालको अर्थतन्त्रका लागि महत्वपूर्ण लघु, साना तथा मझौला उद्यमलाई सुदृढ गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न सहयोग पुग्ने बताए।

नेपाल जलवायु परिवर्तनका प्रभावहरुको उच्च जोखिममा छ। ओपेक फण्ड र नेपालको दीर्घकालीन साझेदारी दिगो विकासमा केन्द्रित छ। ओपेक फण्डले बैंकिङ, ऊर्जा, कृषि, यातायात र शिक्षासहित विभिन्न क्षेत्रहरुमा वित्तीय सहयोगको प्रतिबद्धता गरेको छ।

## कर्जा ग्राहकका लागि एनआईसी एशिया बैंकको छुट योजना सार्वजनिक

काठमाडौं । एनआईसी एशिया बैंकले कर्जा ग्राहकहरुलाई प्रदान गरिने छुट सम्बन्धी योजना सार्वजनिक गरेको छ। बैंकले देशमा हाल कायम रहेको आर्थिक शिथिलताका कारण बैंकको कर्जा ग्राहकमा परेको असरलाई न्यूनीकरण गर्न सघाउ पुर्याउने हेतुले छुट सम्बन्धी योजना सार्वजनिक गरेको हो। बैंकका अनुसार २०८० चैत्र मसान्त सम्ममा देहाय बमोजिमले भाखा नाघेका कर्जाहरुको हकमा सम्बन्धित ऋणीले सम्पूर्ण कर्जा रकम २०८१ असार महिना भित्रमा चुक्ता भुक्तान गरेमा जरिवाना तथा हर्जाना रकममा शत प्रतिशत छुट र साधारण वक्यौता ब्याज रकममा समेत छुट प्रदान गर्ने योजना ल्याएको छ।




मासिक तथा त्रैमासिक किस्ताबन्दीमा भुक्तानी हुने वा चालुपुँजी कर्जा तथा अन्य रिभल्भिङ प्रकृतिका कर्जा लगायत बैंकबाट प्रवाह भएका कुनै पनि प्रकारका कर्जामा आर्थिक शिथिलताका कारणले मर्कामा परेका ग्राहकले यस योजनामा सहभागी भई लाभ लिन सक्ने बैंकले जनाएको छ। यस असाधारण समयमा राष्ट्रिय अर्थतन्त्रको बृहत्तर हितका निम्ति सबै सरोकारवालाले आ-आफ्नो हिसाबले योगदान पुर्याउनुपर्ने आजको टड्कारो आवश्यकतालाई हरसम्भव सम्बोधन गर्न बैंकले ऋणीहरुका लागि कर्जामा आकर्षक ब्याज छुटको व्यवस्था गरेको हो। बैंकले ल्याएको यस छुट योजनाबाट आर्थिक शिथिलताले समस्यामा परेका ग्राहकको वित्तीय भार कम गर्न केही हदसम्म भए पनि मद्दत पुग्ने साथै देशको समग्र अर्थतन्त्रको पुनरुत्थान एवं दिगो सबलीकरणमा समेत टेवा पुग्ने बैंकले विश्वास लिएको छ।

यसैबीच एनआईसी एसिया बैंक पार्टनरसिप फर कार्बन अकाउन्टिङ फाइनान्सियल्स (पीक्याफ) को सदस्य बनेको छ।

पीक्याफ विश्वका वित्तीय संस्थाहरूले सहकार्य गरेको एउटा ग्लोबल इनिसिएटिभ हो। पीक्याफले ग्रिन हाउस ग्याँस उत्सर्जनसँग सम्बन्धित कर्जा र लगानीको अध्ययन र अवस्थालाई सुनिश्चित गर्छ।

पीक्याफमा विश्वभरि ६ महादेशका ४ सय ८० वित्तीय संस्था जोडिएका छन्। यसको सदस्य बनेसँगै बैंकले पनि पर्यावरणीय दिगोपनामा कार्बन फुटप्रिन्टको पारदर्शी मूल्यांकन गर्ने प्रतिबद्धता जनाएको छ। बैंकका सीईओ रोशनकुमार न्यौपाले भने, 'संसार वातावरणमैत्री अभ्यासतर्फ आधारभूतरूपमा रूपान्तरण भइरहँदा एनआईसी एसिया पनि यसका लागि प्रतिबद्ध छ। जलवायुमैत्री रणनीतिसाथ विश्व समुदायसँगै दिगो अर्थतन्त्रको विकासका लागि प्रतिबद्ध रहेको बैंकको भनाइ छ।

## एक्सेल डेभलपमेण्ट बैंकद्वारा डस्टबिन वितरण

काठमाडौं । एक्सेल डेभलपमेण्ट बैंकले आफ्नो सामाजिक उत्तरदायित्वन्तर्गत फोहोर व्यवस्थापनमा सहयोग पुर्याउन डस्टबिन वितरण गरेको छ। गौरादह नगरपालिकाको बैगुनधुरा बजारभित्रका विभिन्न स्थानहरूमा ७ थान डस्टबिन वितरण गरिएको बैंकले जनाएको छ।कार्यक्रममा अतिथिका रुपमा बैगुनधुरा बजार व्यवस्थापन समितिका हालका अध्यक्ष राजेन्द्र पोखरेल साथै बजार व्यवस्थापन समितिका पूर्व अध्यक्ष सिताराम पोखरेलले बैंकको यस पहललाई धन्यवाद दिदैं बजारको सफाई र फोहोर व्यवस्थापनमा यस प्रकारको योगदान अत्यन्तै सराहनीय भएको बताए।उनीहरुले यस बैंकसँग सहकार्य गर्दै अगाडि बढ्न चाहने इच्छा व्यक्त गरे।




एक्सेल डेभलपमेण्ट बैंकका बजार व्यवस्थापन विभागका कर्मचारी गजेन्द्र ढकालले यस कार्यक्रमको महत्व प्रकाश पार्दै सफा र हरियाली शहर निर्माण सबैको सामूहिक जिम्मेवारीका साथै यस डस्टबिन वितरण कार्यक्रममार्फत बैंकले समुदायलाई फोहोर व्यवस्थापनमा सजिलो पार्न मद्दत पुर्याउने उद्देश्य राखेको बताए। कार्यक्रममा बैंकका कर्मचारी, स्थानीय बासिन्दा, तथा समाजसेवीहरुको सक्रिय सहभागिता रहेको थियो। सहभागीहरू सबैले फोहोरलाई सही स्थानमा व्यवस्थापन गर्न तथा बजारको सफाईमा योगदान पुर्याउन आह्वान गरे।

डस्टबिन वितरण कार्यक्रमसँगै बैंकले अन्य थुप्रै सामाजिक उत्तरदायित्व कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ। बैंकले शिक्षा, स्वास्थ्य, तथा वातावरण संरक्षणका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको हो। आगामी दिनमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ। कार्यक्रममा वडा कार्यालयको तर्फबाट कृष्ण प्रधान, समाजसेवीहरु चन्द्र खड्का, कृष्ण खतिवडा, भवकृष्ण पोखरेल, ठाकुर दाहाललगायतको उपस्थिति रहेको थियो।

## गरिमा विकास बैंकका ग्राहकलाई यी संस्थाको वस्तु तथा सेवामा ६० प्रतिशत छुट

काठमाडौं । गरिमा विकास बैंक लिमिटेडका ग्राहकले विभिन्न व्यावसायिक संस्थाका वस्तु तथा सेवामा विशेष छुट प्राप्त गर्ने भएका छन्। शिक्षा, स्वास्थ्य तथा दैनिक उपभोग्य वस्तु तथा सेवा आपूर्तिकर्ताहरूसँगको समन्वयमा विकास बैंकका ग्राहकलाई विशेष छुट प्रदान गर्ने व्यवस्था मिलाएको बैंकले जनाएको छ।



बैंकका अनुसार सम्झौतापश्चात गरिमा विकास बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले उक्त संस्थाले उपलब्ध गराउने विभिन्न सामग्री तथा सेवाहरूमा विशेष छुट प्राप्त गर्न सक्नेछन्। बैंकका ग्राहकहरूले यूएसएमा आधारित कोडिङ शैक्षिक संस्थाको अधिकृत साझेदार Mentorlab edx ले प्रभाह गर्ने सेवामा अधिकतम ६० प्रतिशतसम्म छुट पाउने छन्।

Mentorlab edx ले बालबालिकालाई Coding र AI-Artificial Intelligence) बुझ्न विशेष मद्दत गर्ने गर्दछ। यसैगरी विकास बैंकका ग्राहकले लगनखेल ललितपुरमा अवस्थित पेडल साइकल हाउसमा साइकल खरिदमा अधिकतम १५ प्रतिशत र तिलोत्तमा ५ रुपन्देहीमा अवस्थित ल्ल :बचपभत का वस्तु तथा सेवामा अधिकतम १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। यस किसिमको सहकार्यबाट विकास बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ।

काठमाडौं लाजिम्पाटमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंक लिमिटेडले काठमाडौं उपत्यकाभित्र २२ सहित देशभरि १२३ शाखा कार्यालय, १ एक्सटेन्सन काउण्टर र ५१ वटा एटीएममार्फत ग्राहकलाई वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

## एनसेल एपमा अब माछापुच्छ्रे बैंकको प्लेटफर्ममार्फत भुक्तानी सुविधा

काठमाडौं । माछापुच्छ्रे बैंक लिमिटेड र एनसेलबीच डिजिटल प्लेटफर्म मार्फत सेवा प्रदान गर्ने विषयमा सम्झौता भएको छ। एनसेलका प्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभ र माछापुच्छ्रे बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइरालाले गत साता एनसेल आइकन, लैनचौरमा एक समारोहबीच सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए।



मोबाइलमा डेटा सकिएपछि ब्यालेन्स नकाटिने र अन्य सुविधाहरु रहेको एनसेलको 'सधैं अन' योजना अन्तर्गत यस सम्झौता अनुसार, अब माछापुच्छ्रे बैंकमा आफ्नो खाता भएका एनसेलका ग्राहकहरूले बैंकको मोबाइल बैंकिङ एप एमबीएल एम-स्मार्टको चेकआउट सर्भिस प्रयोग गरी एनसेलको मोबाइल एप, रिटेलर्स एप, वेबसाइटमार्फत सजिलै ब्यालेन्स रिचार्जका साथै सेवा, सुविधा खरिदका लागि भुक्तानी गर्न सक्ने बैंकले जनाएको छ।

यसैगरी एनसेलका वितरक तथा खुद्रा बिक्रेताहरुले पनि रिटेलर्स एपमार्फत सिधै माछापुच्छ्रे बैंकको खातामा रहेको रकमबाट आफ्नो भर्चुअल फन्ड लोड गर्न सक्नेछन्। यस सम्झौताले ग्राहकको डिजिटल यात्रालाई अहज बनाउँदै सधैं अन रहन सहयोग गर्ने एनसेल र माछापुच्छ्रे बैंकले अपेक्षा गरेका छन्।

एनसेल एपमा अन्य सुविधाहरू पनि रहेका छन् जसले ग्राहकहरूलाई देशभित्र मात्र नभई देश बाहिर रोमिङमा रहँदा पनि सुविधा प्रदान गर्नेछ। माछापुच्छ्रे बैंक नगदरहित बैंकिङलाई बढावा दिँदै पहिलो डिजिटल स्मार्ट बैंकको रुपमा आफूलाई स्थापित गर्ने लक्ष्यका साथ निरन्तर अगाडि बढि रहेको छ।

## कृषि प्रवर्द्धन गर्न नबिल बैंक र मुक्तिनाथ कृषि कम्पनीबीच समझदारी

काठमाडौं । नबिल बैंक र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले कृषि प्रवर्द्धनका लागि समझदारी गरेका छन्। कृषि प्रवर्द्धन, अनुसन्धान, विकास, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, तथा साना किसानहरूमा उद्यमशीलता विकासका लागि समझदारी गरिएको हो। नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) ज्ञानेन्द्रप्रसाद ढुंगानाको उपस्थितिमा बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत सुजित कुमार शाक्य र मुक्तिनाथ कृषि कम्पनीका प्रबन्ध निर्देशक भरतराज ढकालले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन्। ग्राहकहरूको आवश्यक वित्तीय र गैरवित्तीय सेवाहरूमा पहुँच विस्तार गर्ने मुख्य उद्देश्य राखेर यो समझदारी गरिएको छ। नबिल बैंकले हरित वित्तपोषण र कृषि सम्बन्धी परियोजना विकास तथा कार्यान्वयनमा यो समझदारी महत्वपूर्ण हुने जनाएको छ।




यस सम्झौताअनुसार, नबिल बैंकले कृषि लगानीका लागि बजार विस्तार तथा क्षमता अभिवृद्धि गर्नेछ। मुक्तिनाथ कृषि कम्पनीले तालिम तथा विकास, सल्लाहकार सेवा, ग्राहक र कर्मचारीलाई खाद्य साक्षरता अभिवृद्धि गर्न सहयोग गर्ने उल्लेख गरिएको छ। नबिल बैंकका सीईओ ढुंगानाले देशको अर्थतन्त्रमा कृषिको महत्वपूर्ण भूमिका रहेको भन्दै यसको विकासमा बैंक सहयोगी बन्ने बताए। बैंकले कृषि लगानीमा लिएको लक्ष्य पूरा गर्न यो साझेदारीले राम्रो भूमिका खेल्ने उनको भनाइ छ।

वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत शाक्यले कृषि क्षेत्र विकासका लागि कृषिमा क्रान्ति आवश्यक रहेको बताए। मुक्तिनाथ कृषि कम्पनीका प्रबन्ध निर्देशक ढकालले यो साझेदारीले साझा परियोजना विकासमा एक अर्कालाई सहयोग गर्ने बताए।

## सिटिजन्स बैंकले बझाङको श्री बाल विकास माध्यमिक विद्यालयलाई दियो एक लाख

काठमाडौं । सिटिजन्स बैंकले भुकम्पबाट क्षतिग्रस्त श्री बाल विकास माध्यमिक विद्यालय बझाङलाई एक लाख रुपैँया आर्थिक सहयोग सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सुदुरपश्चिम प्रदेश, बझाङ






गोलाईमा अवस्थित श्री बाल विकास माध्यमिक विद्यालयलाई पुनर्निर्माणको लागि एक लाख रुपैँया आर्थिक सहयोग उपलब्ध गराएको छ।

गत असोजमा गएको विनासकारी भुकम्पले गर्दा विद्यालय भवनका कोठाहरु पूर्ण तथा आंशिक रुपमा क्षति ग्रस्त भएका र यसले गर्दा पठनपाठनमा समेत असर परेकाले बैंकले विद्यालय भवन निर्माणको लागि सो सहयोग उपलब्ध गराएको हो। बैंकको यस कार्यबाट विद्यार्थीहरुको पठनपाठनमा केही सहजता हुने र उनीहरुले पाउने शिक्षाको गुणस्तरमा समेत वृद्धि हुने विश्वास बैंकले लिएको छ। कक्षा १ देखि १२ सम्म अध्यापन हुने यस विद्यालयमा हाल करिब ३०० विद्यार्थीहरु अध्ययनरत रहेका छन्।

संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्दै आएको बैंकले आगामी दिनमा पनि यस्ता कार्यक्रम गर्ने योजना रहेको जनाएको छ।

## विभिन्न व्यक्तिका नाममा रहेको जग्गा तथा फर्म लिलामी गर्दै नेपाल बैंक

काठमाडौं । नेपाल बैंक लिमिटेडले विभिन्न शाखाबाट कर्जा लिएर चुक्ता नगर्ने ऋणीहरुको जग्गा लिलामका लागि ३५ दिनको समय दिएको छ। बैंकले आइतबार सूचना जारी गर्दै यी बैंकको नाममा रहेको सम्पत्ति ३५ दिनभित्र चुक्ता नभए लिलामी गरिने जानकारी दिएको छ।



कर्जाहरूको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्नका लागि तरताकेता गर्दा समेत हालसम्म पनि कर्जा चुक्ता नभएकाले सुरक्षणमा राखिएको चलअचल जग्गा र त्यसले चर्चेको समपूर्ण लिगलगापात समेत जेजस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्रमार्फत लिलाम गर्न लागिएको बैंकले जनाएको छ। बैंकका अनुसार गोप्य शिलबन्दीमार्फत घरजग्गा खरिद गर्न चाहनेले सूचना प्रकाशित भएको १५ दिनमा बोलपत्र पेस गर्न सक्नेछन्।

# योगमय देश बनाउन जाग्यो सरकार

सूर्यवदना घिमिरे पण्डित

नेपाल परापूर्व कालदेखि ऋषिमुनिले योग-साधना गरेको स्थल हो भन्ने विश्वसामु छर्लङ्ग छ। बिचको समयमा योग-ध्यानको अभ्यासको गति शिथिल वा नगण्य भयो भनिन्छ। बितेका १५-२० वर्षयता भने देशमा ध्यान-साधनाका केन्द्र प्रशस्तै खुलेका छन्। काठमाडौँ विश्वविद्यालयले २०७८ सालदेखि स्नातक तहमा योग विषयको अध्यापन सुरुगर्‍यो। त्यसपछि त्रिभुवन विश्वविद्यालयले २०७९ सालदेखि स्नातकोत्तर तहको अध्यापनमा योगध्यान विषयलाई समेटेको छ। काठमाडौँ महानगरपालिकाले माध्यमिक तहका सामुदायिक विद्यालयमा शुक्रबारलाई किताब मुक्त दिन (बुक फ्री डे) भनेको छ। उक्त दिन विद्यार्थीको रुचि अनुसार विभिन्न सीपमूलक तालिमका साथै योग कक्षा समेत सञ्चालन गरिन्छ।

१३ वर्षअगाडि स्थापना भएको 'जीवन विज्ञान प्रतिष्ठान'ले देशभर योग ध्यानको तरङ्ग ल्याउन २०८० चैत १७ देखि २३ गतेसम्म लुम्बिनीमा 'विराट्चक्र विज्ञान कार्यक्रम' आयोजना गरेको थियो। जसमा ६ हजारभन्दा बढी व्यक्तिको सहभागिता रहेको थियो।

यो कार्यक्रमको समापनका अवसरमा अर्थात् जेठ २४ गते नेपालका प्रधानमन्त्री, परराष्ट्रमन्त्री; प्रदेशका मन्त्री र अन्य उच्च पदाधिकारी उपस्थित भएका थिए र कार्यक्रमको मुक्तकण्ठले प्रशंसा गरिएको थियो।

योग र ध्यान सिकाउन आ-आफ्नै तरिकाले वा व्यक्तिगत चासोले प्रतिष्ठान र केन्द्रहरू खुलेका छन्। यद्यपि देशभर बृहत्तर रूपमा योग शिक्षा पुऱ्याउन राज्यले नै पहल गर्नुपर्छ। यही अवधारणालाई कार्य रूपमा परिणत गर्न जीवन विज्ञान प्रतिष्ठानको अगुवाइमा जेठ २४ गते पाँचबुँदे लुम्बिनी सङ्कल्प-पत्र जारी भएको थियो।

बजेट वक्तव्यमा भनिएको छ, 'नागरिकलाई शारीरिक व्यायाम, योग र आरोग्य सेवाको विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गरिनेछ। खुला योग तथा व्यायामशाला निर्माण तथा उपकरण खरिदका लागि बजेट व्यवस्था गरेको छु।' उक्त सङ्कल्प-पत्रमा 'सार्वजनिक प्रशासन, शिक्षा, स्वास्थ्य, पर्यटन र सामाजिक विकासको क्षेत्रमा योग-ध्यान र स्वजागरणका मौलिक र वैज्ञानिक पद्धतिलाई मूलप्रवाहीकरण गरी स्वस्थ र नैतिकवान् समाज निर्माण गर्न संघ, प्रदेश र स्थानीय स्तरमा योग र ध्यानको स्वजागरण अभियान सञ्चालन गरिनेछ। योग र ध्यानको सन्देश विश्वभर फैलाउने गरी योग-ध्यान पर्यटन प्रवर्धन गरिनेछ' भनी उल्लेख थियो।

यस सङ्कल्प-पत्र जारी कार्यक्रममा सम्माननीय प्रधानमन्त्री लगायत उच्च पदस्थ महानुभाव र विराट्चक्र विज्ञान कार्यक्रमका सहभागीको उपस्थिति रहेको थियो। यस सङ्कल्प-पत्रमा उल्लिखित बुँदाहरू २०८१/०८२ को नीति तथा कार्यक्रममा परेको छ। यसैगरी यही नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आव २०८१/०८२ को बजेट वक्तव्यमा भनिएको छ, 'नागरिकलाई शारीरिक व्यायाम, योग र आरोग्य सेवाको विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गरिनेछ। खुला योग तथा व्यायामशाला निर्माण तथा उपकरण खरिदका लागि बजेट व्यवस्था गरेको छु।'

सरकारले नै ध्यान-योगका लागि बजेट कार्यक्रम ल्याउनु आफैँमा सकारात्मक छ। अब स्थानीय सरकारले ध्यान-योगका कार्यक्रमलाई आफ्ना वार्षिक कार्यक्रममा समावेश गर्दै आज आवश्यक छ। यसो भयो भने आगामी १० वर्षमा नेपाल योगमय बन्ने कुरामा दुईमत छैन। योग र ध्यान जति आवश्यक भए पनि बिनापूर्वाधार भौतिक रूपमा एकैपटक देशभर लागु गर्न सजिलो छैन। यसका लागि सबैभन्दा पहिला उमेर, सिकाइको सम्भावना र क्षमतालाई हेरेर विद्यालयका पाठ्यक्रममा योगको विषय समावेश हुनुपर्छ।

पाठ्यक्रममै योग-ध्यान नसमेटिएसम्म माध्यमिक स्कुलका विद्यार्थीलाई नवप्रतिभा विज्ञान कार्यक्रम गर्न सकिन्छ र गरिँदै पनि आएको छ। यसलाई व्यापक बनाउन जरुरी छ। योग ध्यानलाई जन-जनमा पुऱ्याउन योग ध्यानको प्रशिक्षण दिने विभिन्न संस्थाले समन्वयात्मक ढंगले सहकार्य गर्नुपर्ने हुन्छ। देशमा नयाँ शिक्षा लागु भएका बेला त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर गर्दै गरेका विद्यार्थीलाई हरेक माध्यमिक विद्यालयमा खटाइएको थियो। त्यसरी नै हाल योग सिकाउने संस्था सबैले आफ्ना शिक्षक, प्रशिक्षकलाई स्थानीयस्तरमा खटाउनुपर्ने देखिन्छ। केन्द्रीय स्तरमा समन्वयात्मक भूमिका निर्वाह गर्न प्रधानमन्त्री कार्यालय वा शिक्षा मन्त्रालयले अगुवाइ गर्नुपर्ने हुन्छ।

कम्तीमा दिनको एक घन्टा योगाभ्यास, प्राणायाम र ध्यान गर्दा शरीर, मन, भावना र चेतना स्वस्थ बन्छ भन्ने सबैले थाहा पाउनुपर्‍यो। अनि प्रयोग गर्ने अवसर पाउनुपर्‍यो। एउटा सामान्य मोबाइललाई त चार्ज गर्नुपर्छ भने हामी मानिसलाई पूर्ण स्वस्थ बनाउन रिचार्ज गर्नैपर्ने हुन्छ भन्ने कुरा बुझ्नुपर्‍यो। चार्ज केवल शरीरको मात्र गरेर हुँदैन। खानु, पिउनु, निदाउनुजस्ता आवश्यकता सामान्य भए। हाम्रो मन, भावना र चेतनाको चार्ज योग साधनाका माध्यमबाट मात्र हुन्छ। योगका आसन र व्यायामले ऊर्जालाई जगाउँछ। प्राणायामले ऊर्जालाई सकारात्मक बनाउँछ र ध्यानले ऊर्जालाई स्थिर बनाउँछ भन्ने स्पष्ट ज्ञान चाहिएको छ। केही समय प्रयोगात्मक अभ्यास गर्दै गएपछि आफूमा आएको सकारात्मक परिवर्तनको अनुभूति हुँदै जान्छ। योगका क्रिया गर्दै गएपछि व्यक्तिको स्वतः आदत बन्दै जान्छ।

जुनसुकै ज्ञान र सीप पनि पाको उमेरका व्यक्तिले भन्दा कम र युवा उमेरका मानिसले छिटो सिक्छन्। बाल मस्तिष्कमा धेरै तनाव र मैला जमिसकेको हुँदैन, त्यसैले उनीहरूलाई नैतिक शिक्षा र योगका सामान्य कुरा सिकाउन सहज हुन्छ। उनीहरुले भौतिक विज्ञान र आध्यात्मिक विज्ञानको मेल व्यावहारिक रूपले बुझ्दै जान्छन्। माध्यमिक तहको अध्ययन पूरा गर्दा नै विद्यार्थी नैतिकवान्, ऊर्जावान्, सकारात्मक र आत्मविश्वासी बन्दै जान्छन्। यसैगरी उच्च शिक्षा अध्ययनका लागि आफ्नो रोजाइलाई चिन्न सक्छन्। जुन विषय अध्ययन गरे पनि आफ्नो प्रतिभालाई उजागर गर्ने पथमा कदम बढाउँदै ध्यानलाई निरन्तरता दिइरहन सक्छन्। सबै तहका विद्यार्थीमा सैद्धान्तिक र व्यावहारिक ज्ञानका साथै सहनशीलता, समझदारी, समभावको विकास हुँदै जान्छ। पछि जुनसुकै पेसा वा व्यवसायमा गए पनि उनीहरुमा सेवाभावको विकास हुने कुरामा विश्वस्त हुन सकिन्छ। हामीलाई र विश्वलाई अब चाहिएको त्यस्तै गुणयुक्त जनशक्ति हो।

वास्तवमा मान्छेलाई मरिन्छ भन्ने थाहा छ तर नमर्ने प्रयास गर्छ, रोग हटाउने प्रयास गर्छ। उपचारात्मक पद्धतिबाट उपचार गर्न अस्पताल धाउँछ। त्यति हुँदा पनि स्वस्थ रहन प्रतिरक्षात्मक प्रणाली र शान्त बन्ने प्रयासको भने ख्यालै गर्दैन। रोग नलाग्ने प्रयास गर्नुभन्दा स्वस्थ रहनेमा सजग भए कति राम्रो हुन्थ्यो ? यसका लागि स्वस्थ आहारविहारप्रति सजग र नित्य योगाभ्यास जरुरी छ। अहिले विश्व भौतिक विकासको चरम बिन्दुतिर लम्कदै छ। भौतिक उन्नतिले मात्र शान्ति दिँदैन भन्ने विश्व समुदायले बुझिसकेको छ। अब सबैको आकर्षण योग-ध्यान र आध्यात्मिक ज्ञानतिर बढ्दै गएको छ। अन्य देशले अब योग सिकाउने मान्छे नेपालबाट मगाउने समय आउन धेरै टाढा छैन। यस्तै नेपालमा योग-ध्यान सिक्न आउने पर्यटकका लागि न कहिल्यै मौसमी अड्चन, न विधिको अभाव। प्राकृतिक छटाले भरिपूर्ण हाम्रो देश नेपालमा योग पर्यटकको आगमनलाई जतिबेला पनि खुला राख्न सकिन्छ।

हाम्रो परिवार, समाज, देश र पूरा विश्वलाई अराजक होइन सहनशील, अल्छी होइन ऊर्जावान्, कठोर होइन दयालु, नैतिकवान् र विश्व भ्रातृत्वको भावना भएको विश्व मानव चाहिएको छ। त्यसैले योग ध्यानका कार्यक्रममा सहभागी भएर शिक्षक तथा प्रशिक्षक बनौँ। समाजमा सेवा गर्ने अवसरको उपयोग गरौँ। आफू स्वस्थ बनौँ। अरूलाई पनि स्वस्थ बनाउने अभियानको माध्यम बनौँ। सरकारले ल्याएको जीवन उपयोगी यस्ता कार्यक्रममा होस्टेमा हैँसे मिलाऊँ। योगी नेपाली, योगमय नेपालको परिचय दिऊँ।

# 'खुला सीमा दुबै देशका जनताको आवश्यकता'

वीरगन्ज। खुला सीमा नेपाल-भारतबीचको सुमधुर सम्बन्धको सेतु रहेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन्। नेपाल-भारत खुला सीमा सम्वाद समूह, पर्साको आयोजनामा वीरगन्जमा बुधबार "खुला सिमा- सुमधुर सम्बन्धको सेतु" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

नेपाल-भारत खुला सीमा सम्वाद समूहका राष्ट्रिय अध्यक्ष डा.राजीव झाको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा दुवै देशका अगुवाहरुको उपस्थिति रहेको थियो।

समुहका राष्ट्रिय अध्यक्ष डा. झाले इपीजी रिपोर्ट बनाउने समिति समावेशी नभएको र नेपाल-भारत सीमा सम्बन्धि ज्ञान नभएका व्यक्तिहरुले बनाएकोले नमान्ने बताएका छन्। उनले वर्ल्ड ग्लोबलाइजेसन तर्फ अग्रसर भैरहेको बेला सीमामा तारबार लगाउने कुरा असान्दर्भिक र हास्यासपद रहेको बताएका हुन्।

यस्तै, अन्तरक्रिया कार्यक्रममा राष्ट्रिय मुक्ति क्रान्तिका नेता केशव झाले दुई देशबीच बहुआयामिक सम्बन्ध रहेको बताए। 'नेपाल र भारतको आधुनिक सीमा र नाम राखिनु अघिदेखि नै जनता-जनताबीच सम्बन्ध कायम थियो।,' उनले भने, 'नेपाल र भारतको सम्बन्ध दिल्ली र काठमाडौंको नियम कानुनले मात्रै चल्न सक्दैन, किनकि यहाँ बहुआयामिक सम्बन्ध छ। खुला सीमा अवसर हो दुवै देशको लागि र यहाँका जनता रक्षक हुन्।'

त्यस्तै, कार्यक्रमका अर्का वक्ता वरिष्ठ पत्रकार चन्द्रकिशोरले सीमा सुरक्षाको नाममा मधेशमा सैनिकिकरण भैरहेको बताएका छन्। उनले सीमा क्षेत्रमा रहेका जनताहरुको भावना अनुरुप नियम कानुन बनाउनु पर्ने बताए।

अर्का वक्ता भारत रक्सौलका समाजसेवी महेश अग्रवालले खुला सीमा दुबै देशका जनताको आवश्यकता रहेको बताए। यसैगरी, प्रदेश सदस्य श्याम पटेलले सरकारले चाहदैमा बोर्डरमा तारबार लगाउन नमिल्ने जिकिर गरे।

यस्तै, प्राध्यापक डा. प्रमोद कुमार कुशवाहाले हाम्रो शिक्षा प्रणाली नै ठीक नभएकोले सीमा सम्बन्धि जानतामा भ्रम रहेको बताएका थिए।

कार्यक्रममा डा. घनश्याम ठाकुर, नेजामुदिन समानी, कृष्णा पटेल, रम्भा मिश्रा, शिव पटेल, शिपु तिवारी, देवेन्द्र मिश्र, अशोक वैद्य, भारतीय महावाणिज्यदूतावासका शशि भुषण, अनिरुद्ध सिंह कल्वार लगायत समाजका अगुवा, बुद्धिजीवी, प्राध्यापक, अधिवक्ता, पत्रकार, राजनीतिकर्मीको विषेश उपस्थिति रहेको थियो।

टेलिभिजन/वासिङ मेसिन चाहिएमा

नेपाली बजारमा आफ्नै नेपाली पहिचान

टेलिभिजनको दुनियाँमा नेपाली अभियान

- नेपाली ग्राहकको चाहना हामी उचित मूल्यमा पूरा गर्दछौं।

काठमाडौं उपत्यका तथा वीरगञ्जमा जहाँ चाहियो त्यहीँ

Abhiyan

अभियान डिजिटल वर्ल्ड प्रा.लि.

काठमाडौं

विष्णु काफ्ले (९८५१११७५७२)

गम्भीर बहादुर हाडाको

बृहस्पति पुस्तक प्रकाशनबाट प्रकाशित पुस्तकहरु

- गम्भीर बहादुर हाडा, अर्थशास्त्र शिक्षण विधि (Method of Teaching Economics), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड. तेस्रो वर्ष Eco.Ed. 432 तथा 439 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U. Solution, बि.एड.तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco.Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete T.U. Reference Book, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, बृहत अर्थशास्त्र (Macro Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए. दोस्रो वर्षको Eco- 423 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solution, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, व्यवस्थापकीय अर्थशास्त्र र अर्थशास्त्र शिक्षामा अनुसन्धान (Managerial Economics & Research in Economic Education), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. चौथो वर्ष Eco Ed. 445 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, आर्थिक विश्लेषण (Economic Analysis), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्. प्रथम वर्ष Eco Ed. 416 तथा 418 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. प्रथम वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र र नेपालको अर्थशास्त्र (Development Economics & Nepalese Economics), त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत बि.ए. तेस्रो वर्ष Eco 314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७५, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सम्यक पोखरेल, आधुनिक अर्थशास्त्र (Modern Economics), Completely Based on HSEB Economics Curriculum (A Complete Reference Book with HSEB/NEB Solutions, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७६, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, नेपालको अर्थव्यवस्था (Nepalese Economy), त्रि.वि.शिक्षाशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्. दोस्रो वर्ष Eco Ed. 422 तथा 428 को नयाँ पाठ्यक्रममा आधारित With Model Questions & Solutions, बि.एड. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अन्तर्राष्ट्रिय अर्थशास्त्र (International Economics), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed.434 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त, वित्तीय व्यवस्था र अन्तर्राष्ट्रिय व्यापार (Public Finance, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत बि.ए.तेस्रो वर्ष Eco -314 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७८/७९, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, शिक्षाको अर्थशास्त्र (Economics of Education), त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.एड्.दोस्रो वर्ष Eco. Ed. 424 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास र योजनाको अर्थशास्त्र (Economics of Development & Planning), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.दोस्रो वर्ष Eco.Ed. 423 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अर्थशास्त्र, पाठ्यक्रम विकास केन्द्रद्वारा जारी अर्थशास्त्र (३०४) को नयाँ पाठ्यक्रममा आधारित A Complete NEB Reference Book on, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि., कक्षा १२, २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, मुद्रा, वित्तीय प्रणाली र अन्तर्राष्ट्रिय व्यापार (Money, Financial System & International Trade), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 426 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, विकास अर्थशास्त्र, योजना र नेपालको अर्थशास्त्र (Development Economics, Planning and the Economy of Nepal), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.दोस्रो वर्ष Eco 424 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. दोस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०७९/८०, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, अनुसन्धान पद्धति र प्राज्ञिक लेखन (Research Methodology & Academic Writing), त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.चौथो वर्ष Eco. 427 को नयाँ पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. चौथो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सार्वजनिक वित्त (Public Finance), त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत चार वर्षे बि.ए.तेस्रो वर्ष Eco 425 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.ए. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।
- गम्भीर बहादुर हाडा, सरकारी वित्त र वित्तिय प्रणाली (Government Finance & Financial System), त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत बि.एड्.तेस्रो वर्ष Eco.Ed. 433 को पाठ्यक्रममा आधारित A Complete Reference Book with T.U.Solutions, बि.एड. तेस्रो वर्ष, बृहस्पति पुस्तक प्रकाशन प्रा.लि. २०८०/८१, काठमाडौं, नेपाल।

# सतीलाई दोष, सत्ताको मोज

डा. अतीन्द्र दाहाल

**_पहिलो, सकारात्मक परिवर्तनलाई प्रभावकारी बनाउने राजनीतिक नेतृत्व निष्प्रभावी बन्दैछ। दोस्रो, निरन्तर खबरदारी गर्नुपर्ने नागरिकहरू रमिते बन्दैछौं। चुनावमा मताधिकारबाट नागरिकहरूले सफल, सबल र राम्रो देश निर्माणको औपचारिक अख्तियारी दलहरूलाई सुम्पियौं। उक्त सदाशयता अनि शुभेच्छासँगै राम्रा काम गर्न, गुमेको मान/प्रतिष्ठा अनि सकिएको साखलाई पुनर्जीवित गराउन दलहरूलाई मौका दियौं। तर दलहरू निर्णायक त्याग गर्नु सट्टा अनावश्यक बखेडावाजीमा अल्झिंदा शंका र त्रासका भावनाहरू सघन बन्दैछन्। पहिले पहिले सतीले सरापेको देश भनेर नागरिकले भ्रम पाले पनि यो सत्ताले सरापेको देश बन्दैछ।_**

अर्थशास्त्रको पछिल्लो एक सिद्धान्तले भन्छ 'देशहरूलाई विकसित र अविकसित भनेर गरिने वर्गीकरण अब प्राचीन भइसक्यो। व्यवस्था आफैंमा खराब वा सही हुँदैन, व्यवस्थापनचाहिं मुख्य विषय हो। सही वा गलत व्यवस्थापनले गर्दा देशहरूको विकासको उचाइ अनि रफ्तार फरक हुनसक्छ। त्यसैले, उनीहरूको वर्गीकरणमा विकसित र अविकसितको सट्टा व्यवस्थित र अव्यवस्थित भन्ने आधारचाहिं मुख्य हुनुपर्छ। देशहरू क्षेत्रफल र जनसंख्यामा सानो/ठूलो पनि हुनसक्छन्। ती स्वाभाविक भिन्नता र विविधता बाहेक सबैको सार्वभौमसत्ता र स्वाभिमानचाहिं समान हुन्छ।'

तर नाम चलेका विश्लेषकहरू अहिले हाम्रो देश इतिहासकै सबैभन्दा गम्भीर संकटबाट गुज्रिरहेको भाष्य बनाइरहेका छन्। स्वाभिमानको खरिद/बिक्री अनि स्वतन्त्र तथा सार्वभौम राष्ट्रको हैसियतमा अधिक आँच आउन सक्ने विभिन्न सौदावाजी गरिएको भन्दै चिन्ता गर्छन्। आवरणमा राम्रै देखिने विदेशी सहायताका स्वदेशी संशयहरूले आत्मसम्मानको प्राणपखेरु लिन खोज्दैछन्। सुनको थाल बोकेर सुकाको भिख माग्ने अपमानपूर्ण आत्मरतिमा नेतृत्वजगत निरन्तर हौसिएको छ।

सबल र सम्मानित प्रजातन्त्रका तीनवटै (राजनीतिक, आर्थिक, सामाजिक/मनोवैज्ञानिक) आयामहरूमाथि ऋणात्मक सूचकाङ्कहरूको दबदबा छ। राज्यका तीनै अंगहरू लथालिंग र गहिरो दलदलमा छन्। कार्यपालिका त प्रधान सरोकार र दरकारमा गम्भीर बेवास्ता गरिरहेको छ। प्रदेश तथा संघ दुवै तहमा सरकार असाध्यै कमजोर धरातलमा अडिएका छन्। सरकारका सबै प्रयास र पूर्ण काम भनेकै केवल सरकार टिकाउन र विभिन्न गठबन्धन जोगाउनका लागि खर्च भइरहेका छन्।

व्यवस्थापिका दलीय अतिरञ्जनाको बन्दी छ, सरकार पाल्ने र फाल्ने कारखाना बन्दैछ। गुणस्तरीय कानुनहरू निर्माण, भएका कानुनको वस्तुगत मूल्यांकन र आवश्यक परिमार्जन सांसदको प्राथमिक र प्रधान दायित्व हो। यद्यपि थुप्रै सांसदलाई सांसद हुनु भनेको सरकारलाई विश्वासको मत दिने वा नदिने भनेर भोट हाल्ने मात्र रहेछ भन्ने लाग्न थालेको हुनसक्छ। नागरिकले आफ्ना जनप्रतिनिधि केवल सरकार अदल-बदलका लागि भोट हाल्नका लागि मात्र रहेछन् भन्ने सोच्दा हुन्। न्यायालय विचरा आफैंमा न्यायको लागि विभिन्न पटक गुहार-गुहार भनिरहेको हुन्छ। स्वतन्त्र र निर्णायक न्यायपालिकाका प्रमुखहरू पटक/पटक परिणाम नदिने र नटुंगिने महाअभियोगका शिकार बनेका छन्। आर्थिक रूपमा पछिल्लो ३० वर्ष हाम्रो अवस्था अधिकांश सूचकमा आयतनका हिसाबले अजंग वृद्धि भयो होला, तर ती सबै ऋणमा छन्।

नागरिकमा सामाजिक कर्तव्य निर्वाह एवं सकारात्मक मनोविज्ञान प्रवर्धनको सहयोग अभिरुचिविहीन विषय बन्दैछ। नयाँ नेपालको भव्य विज्ञापनमा पुरानै पनि हराउने शंका गहिरिंदैछ। नागरिक विदेशिने लर्कोले देश रित्तिंदैछ, वैदेशिक हस्तक्षेपले थप रूपमा देश नै परदेश पनि बन्न सक्छ। गरिब नेपाली नागरिक खोज्न अब कतार, दुबई, मलेशिया लगायत र धनी नागरिक खोज्न युरोप, अमेरिका, जापानतिर लाग्नुपर्ने दिन आउँदैछ। राणा शासकहरूले नै बनाएका दरबारमा मन्त्रालय राखेर नेताहरू राणाशासनलाई अन्धकारको युग भन्दै क्रोध देखाउँछन्। पञ्चायतको ३० वर्ष देश बर्बाद भएकाले बहुदल ल्याउनु परेको भन्दै गर्दा बहुदलले पनि ३४ वर्ष पूरा गरेको हेक्का राख्दैनन्। अघिल्लो ३० वर्ष भन्दा पछिल्लो ३४ वर्षमा देशको आत्मनिर्भरता र स्वाभिमान कति उँचोनीचो भयो भन्ने मनन् गरेको देखिंदैन। शाश्वत सत्यचाहिं यो हो कि देश बदलिएन, केवल बिथोलियो। अब त राष्ट्रकवि स्व. माधव घिमिरेको 'नेपाली हामी रहौंला कहाँ नेपालै नरहे' मनन् गर्नुपर्ने बेला आउँदैछ।

अहिलेकै पद्धति र पात्रबीच हुने शक्ति हस्तान्तरण वा वितरणका विकल्पले कुनै नयाँ नतिजा निकाल्दैन, शान्तिपूर्वक उनीहरूको समूल विस्थापन हुनुपर्छ।निराशाको उचाइ यतिमाथि पुगिसक्यो कि २४० वर्षको राजतन्त्रलाई २० दिनमा उन्मूलन गर्ने नागरिकलाई पछिल्ला ३० वर्षका नेता फाल्न कति नै समय लाग्ला र ?

नेतृत्वले राम्रो काम गर्न नचाहेको वा चाहेर पनि नसकेको हुनसक्छ। दलहरूमा अकर्मन्यता अनि ढिलासुस्ती त देखिएकै हो। आशातीत प्रगतिलाई अल्झाउन उनीहरूले भन्ने गरेका दृश्य/अदृश्य शक्ति तथा स्वार्थकेन्द्रहरूको केही चाहना अवश्य होला। तर सफल राष्ट्र निर्माणमाथि ग्रहण लाग्नुमा दुई मुख्य कारण छन्।

पहिलो, सकारात्मक परिवर्तनलाई प्रभावकारी बनाउने राजनीतिक नेतृत्व निष्प्रभावी बन्दैछ। दोस्रो, निरन्तर खबरदारी गर्नुपर्ने नागरिकहरू रमिते बन्दैछौं। चुनावमा मताधिकारबाट नागरिकहरूले सफल, सबल र राम्रो देश निर्माणको औपचारिक अख्तियारी दलहरूलाई सुम्पियौं। उक्त सदाशयता अनि शुभेच्छासँगै राम्रा काम गर्न, गुमेको मान/प्रतिष्ठा अनि सकिएको साखलाई पुनर्जीवित गराउन दलहरूलाई मौका दियौं। तर दलहरू निर्णायक त्याग गर्नु सट्टा अनावश्यक बखेडावाजीमा अल्झिंदा शंका र त्रासका भावनाहरू सघन बन्दैछन्। पहिले पहिले सतीले सरापेको देश भनेर नागरिकले भ्रम पाले पनि यो सत्ताले सरापेको देश बन्दैछ।

नेतृत्व खाली शक्तिको अभ्यास र सत्ताको प्राप्तिमा लिप्त छ। नागरिकका खास आशा र आवश्यकतामाथि ध्यान पुगेन। तत्काल महसुस गर्न चाहेका बेरोजगारी न्यूनीकरण, गरिबी न्यूनीकरण, महँगी नियन्त्रण, पूर्वाधारको तीव्र विकास, सुशासनको अभ्यास जस्ता पक्षहरूमा अपेक्षित सकारात्मक अभिवृद्धि देखिएन। राष्ट्रको ढिकुटीमाथि अवैधानिक दोहन रोकिएन। अन्त्यहीन र निर्णयविहीन छलफलमा रमाउने लत बस्यो, देशचाहिं असफलताको भुमरीमा फस्यो। कतिपय पछिल्ला प्रयासहरूले त देशले अब स्थायी विकासभन्दा संस्थागत विनाशको यात्रा गर्ने देखिन्छ। टिकाउ होइन, बिकाउ देशको निर्माणमा नेतृत्व रुमल्लिंदैछ। नेताहरू निरन्तर छलफल त गर्छन् तर फल आफूले मात्र लिन्छन् अनि देश तथा नागरिलाई सदैव छल गर्छन्। तर नेतृत्वलाई निरन्तर यो छुट दिएको पनि नागरिक निःसन्देहताले नै हो।

अधिकांश परिवर्तन र उपलब्धिहरूको पछाडि नागरिक दबाब अन्योन्याश्रित हुन्छन्। नागरिकले नेतृत्वलाई सही सबक सिकाउँदै अपेक्षा अनुसार काम गर्न बाध्य बनाउन निरन्तर सभ्य र भव्य सामयिक दबाब दिनुपर्छ। तर हामी दलहरूमाथि कटाक्ष गर्छौं, यद्यपि बाध्य पार्दै दबाबसहित विकल्प दिन सकिरहेका छैनौं, विस्थापन गर्ने अठोट देखाइरहेका छैनौं। राम्रा गफमा रमाउँदै आफूलाई विश्लेषक बताउन चाहने थुप्रै जनहरूलाई यो संक्रमण मलिलो भूमि बन्दैछ। बेल्जियममा सन् २०११ को याँन हड्ताल, सन् २०१२ मा इन्डोनेसिया र २०१३ मा अर्जेन्टिनामा प्रयोग भएको कर हड्ताल, सन् १९९० मा नेदरल्याण्डमा भएको भिजिल नामक आन्दोलन लगायत डा. गेने सपले १९७३ मा लेखेको 'द पोलिटिक्स अफ नन भाइलेन्स' पुस्तकमा व्याख्या गरिएका १९८ अहिंसात्मक उपायहरू जस्ता आन्दोलनले अनियन्त्रित नेतृत्वलाई लगाम लगाउन सकिन्छ।

केही सय वर्ष पहिले तत्कालीन चरम अस्थिरताका बावजुद जंगबहादुरले देशलाई एउटा निकास दिएका थिए। उनको तरिका गलत थियो, मानिसको कत्लेआम कुनै पनि हिसाबले स्वीकार्य हुँदैन। यद्यपि शक्तिको हस्तान्तरण मात्र होइन, स्थानान्तरणले त्यसबेला देशलाई एउटा दुर्घटनाबाट भने बचाएकै हो। अहिले पनि देशमा भएका सबै पात्र एक पटक होइन पटक-पटक असफल र अक्षम भएका कारण अधिकांश नेतृत्वलाई गलहत्याउने लगायतका कठोर सजाय भने हुनैपर्छ। उनीहरूको बेइमानीका कारण भएको नोक्सानीको क्षतिपूर्ति उनीहरूबाटै गराउनुपर्छ। अहिलेकै पद्धति र पात्रबीच हुने शक्ति हस्तान्तरण वा वितरणका विकल्पले कुनै नयाँ नतिजा निकाल्दैन, शान्तिपूर्वक उनीहरूको समूल विस्थापन हुनुपर्छ। भित्री मनमा यही दबाब निर्माणको अभिलाषा राखेर विभिन्न निर्वाचन मार्फत नागरिक विद्रोहको विगुल बज्दैछ। निराशाको उचाइ यतिमाथि पुगिसक्यो कि २४० वर्षको राजतन्त्रलाई २० दिनमा उन्मूलन गर्ने नागरिकलाई पछिल्ला ३० वर्षका नेता फाल्न कति नै समय लाग्ला र ?

यद्यपि नागरिकले अपमानजनक विस्थापन गर्नुअघि नै सम्मानजनक बहिर्गमनको बाटो पहिल्याउनु चाहिं बुद्धिमानी हुन्छ। अति त अहिलेसम्म नै भइसकेको छ, अब खराब खति हुनुअघि नै दलहरूले विचार गर्नुपर्छ। अहिलेसम्म देश नबनेको सतीले सरापेर हैन, सत्ता र यसका सारथिहरूले सरापेरचाहिं अवश्य हो।

## इन्जिनियरिङ कलेजमा 'एक करोड'

भक्तपुर/नेपाल इन्जिनियरिङ कलेजले हरेक वर्ष एक करोड बढी रुपियाँ बराबरको छात्रवृत्ति नै दिने गरेको छ।

नेपालको इन्जिनियरिङ शिक्षाको विकासमा सन् १९९४ देखि सञ्चालित यस कलेजको महत्वपूर्ण भूमिका रहेको बताइन्छ। शहरी कोलाहल र प्रदुषणभन्दा टाढा शान्त तथा हरियाली वातावरणयुक्त चाँगुनारायण, भक्तपुरमा कलेज रहेका कारण विद्यार्थीले यो कलेजलाई रुचाउने गरेको बताइन्छ।




यस कलेजमा इन्जिनियरिङ विधाका स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन-अध्यापन हुने गरेको छ। मुनाफारहित सामाजिक शैक्षिक संस्थाका रुपमा स्थापित यो कलेजले दिने गुणस्तरीय शिक्षा नै रहेको बताइएको छ। पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कलेजहरुमध्येकै उत्कृष्ट कलेजका रुपमा यो कलेजलाई लिइने गरेको कलेजका कार्यवाहक प्रिन्सिपल एशोसिएट प्रोफेसर दुर्गाप्रसाद भण्डारीको कथन छ।

कलेजले प्रयोगात्मक शिक्षण विधिलाई प्राथमिकताका साथ अँगाल्नुका साथै कलेजले विद्यार्थीहरुलाई इन्टरनेशनल एक्सपोज दिन युरोप, अस्ट्रेलिया, जापानका प्रतिष्ठित कलेज र विश्वविद्यालयसँग विद्यार्थी तथा फ्याकल्टी एक्सचेन्ज कार्यक्रममा सहकार्य गरेबाट विद्यार्थीहरुले त्यो अवसर पनि पाउने गरेको भण्डारी बताउँछन्।

'हामीले यहाँ पढ्ने विद्यार्थीलाई इन्टरनेशनल एक्सपोजको सुविधा दिएका छौं। हरेक वर्ष विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्तिमा युरोप, जापान लगायत विश्वका उत्कृष्ट कलेजमा अध्ययन गर्न पठाइन्छ।' भण्डारी भन्छन्, 'कुनैपनि विषयगत विषयमा विद्यार्थीले जुनसुकै बेला आफ्ना शिक्षकहरुसँग निर्धक्क जिज्ञासा र समस्या राख्न पाउनुपर्छ। त्यो सुविधा हामीकहाँ छ।'

कलेजले दिने छात्रवृत्तिलाई अर्को आकर्षण मानिन्छ। पोखरा विश्वविद्यालयले प्रदान गर्ने १० प्रतिशत विद्यार्थी छात्रवृत्तिसँगै कलेजले हरेक वर्ष विभिन्न शिर्षकमा लगभग सयजना विद्यार्थीलाई छात्रवृत्ति दिने गरेको भण्डारीको दाबी छ। यसैगरी इन्जिनियरिङ शिक्षामा अवसर दिन चाँगुनारायण नगरपालिकामार्फत छात्रवृत्ति प्रदान गरिएको पनि उनले जानकारी दिए।

कलेजले उत्पादन गरेका दक्ष जनशक्ति अहिले नेपाल सरकारका उच्च ओहदा, निजी तथा गैरसरकारी संस्थामा कार्यरत मात्र छैनन् विश्वका विभिन्न देशहरुका प्रतिष्ठित कलेज, विश्वविद्यालय र व्यावसायिक प्रतिष्ठानहरुमा कार्यरत रहेका बताइन्छ।

कलेजमा स्नातक तहतर्फ सिभिल इन्जिनियरिङ, सिभिल एण्ड रुलर इन्जिनियरिङ, कम्प्युटर साइन्स एन्जिनियरिङ, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ, इलेक्ट्रोनिक्स एण्ड कम्युनिशेकन इन्जिनियरिङ तथा वि.ई. सिभिल फर डिप्लोमा होल्डर्सको अध्यापन हुने गरेको बताइएको छ। स्नातकोत्तर तहमा ललितपुरको प्रयागपोखरीस्थित नेक-सिपिएसमा कन्ट्रक्सन म्यानेजमेन्ट, इन्टरडिस्प्लिनरी वाटर रिसोर्स म्यानेजमेन्ट, नेचुरल रिसोर्स म्यानेजमेन्ट र ट्रान्सपोर्टेशन इन्जिनियरिङ एण्ड म्यानेजमेन्टको अध्यापन हुने गरेको जानकारी दिइएको छ।

Considering studying or working aboard¿
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
*Improve your conversation skills speaking with a native speaker.*
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com




INTERNATIONAL CHILDREN'S LITERATURE CONFERENCE-2024
अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन-२०८१
**First International Conference on Children's Literature**
September 20-22, 2024
Kathmandu
Organized by:
**Nepal Academy**
&
**Nepalese Society for Children's Literature (NeSChiL)**
**Special Features**
- Seminar Paper Presentation
- Panel Discussions
- Book Exhibition
- 'Meet the Author' Program
- Art Exhibition
- Cultural Performances
- Storytelling

Please register yourself. The first hundred entries from Nepal will be entertained on priority basis.
International delegates will be especially contacted by the organizers.
For registering, please log in to www.nepalbalsahitya.org.np



## एकीकृत....

गरिसकेको सो दलभित्र अन्य पदमा पनि तीब्र प्रतिस्पर्धा हुने अवस्था देखिएको छ। केन्द्रीय नेतृत्वमा आफू पुग्नकालागि नेताहरु साम, दाम, दण्ड र भेद नीतिका साथ लागि परेका छन्। यसमध्ये सबैभन्दा बढी महासचिव पदमा बढी आकांक्षी देखिएका छन्। उता, प्रदेशअनुसार चयन हुने उपाध्यक्ष र सचिव पदमा भने धेरै चासो नदेखिए पनि महासचिवमा भने बढीजनाको चासो र चाहना देखिएको बताइएको छ।

महासचिव बन्न अहिलेका चारै जना उपमहासचिव आकांक्षी रहेका बताइएको छ। २०७८ भदौमा एमालेबाट अलग भएर बनेको एकीकृत समाजवादीमा डा.विजय पौडेल, डा.गंगालाल तुलाधर, प्रकाश ज्वाला र जगन्नाथ खतिवडा उपमहासचिव छन्। उनीहरु सबैको चाहना भने महासचिव बन्ने रहेको बताइएको छ। निर्वाचन नै हुने अवस्था आएमा आफू माधव कुमार नेपालले बनाउने समूहबाट महासचिवको उम्मेदवार बन्ने पक्षमा खतिवडाको सक्रियता रहेको बताइएको छ। उता, रामकुमारी झाँक्रीलाई पनि महासचिव पदको बलियो दाबेदारका रुपमा हेरिएको बताइन्छ। हाल सचिवको भूमिकामा भएपनि झाँक्रीको प्रभाव राम्रै रहेकाले उनले चारजनाका बीचमा विमती रहेको स्थितिमा आफूलाई विकल्पको रुपमा उभ्याउने संभावना पनि रहेको बताइएको छ।

झाँक्रीसँगै अर्का सचिव राजेन्द्र राईलाई पनि महासचिवको दाबेदारका रुपमा हेरिएको छ। विद्यार्थी राजनीतिबाट खारिएर आएका राई अहिले कोशी प्रदेशका पूर्व मुख्यमन्त्री तथा हालका प्रदेश सांसद पनि हुन्। एकीकृत समाजवादीको महाधिवेशनमा एक हजार आठ सय प्रतिनिधि सहभागी हुँदैछन्।

## मुख्य ...

लाममा रहेका छन्। नयाँ मुख्यसचिव बनाउन सत्तारुढ दलहरुबीच गृहकार्य शुरु भएको समाचार श्रोतले बताएको छ। वरिष्ठताको आधारमा एक नम्बरमा रहेका राष्ट्रिय आयोगका सचिव तोयानारायण ज्ञवाली आगामी भदौमा अवकाश ुहने भएकाले दोश्रो र तेश्रो नम्बरमा रहेका रामकृष्ण सुवेदी र एकनारायण अर्यालमध्ये एकजना मुख्यसचिव बन्ने चर्चा चलेको छ।

सुवेदी हाल सूचना तथा सञ्चार र अर्याल गृह सचिवमा कार्यरत रहेका छन्। सत्तारुढ दलहरुले आफ्नो अनुकूलको पात्र र आस्था राख्ने सचिवहरु खोज्ने प्रवृत्तिले अरुले मौका नपाउने जानकारहरुले बताएका छन्। यस्तो अवस्थामा माओवादी केन्द्रले सुवेदी र एमालेले अर्याललाई अगाडि सार्ने बताइएको छ। अर्याललाई राष्ट्रिय स्वतन्त्र पार्टीले पनि समर्थन गर्ने भएकाले मुख्यसचिव पद पनि सत्तारुढ दल एमालेकै चाहना अनुसार हुने चर्चा चलेको छ।

अर्याललाई एमालेको बिल्ला भिराइए पनि सुधारवादी प्रशासक भएको प्रशासन वृत्तमा चर्चा चलेको छ। सत्ता स्वार्थले राजदूत नियुक्तिमा जस्तै मुख्यसचिव नियुक्तिमा पनि प्रधानमन्त्री पुष्पकमल दाहाल घुँडा टेक्न बाध्य हुने समाचार श्रोतले बताएको छ।शक्ति केन्द्र र स्वार्थी समूहको चलखेल अन्त्यको पनि संभावना देखिन्छ।

## ऊर्जा ...

महतोलाई बुझाएर भौतिक मन्त्रालयमा सरुवा भएको आरोप लाग्दै आएको समाचार स्रोतले बताएको छ।

सचिव सिग्देलमाथि सिचाई सचिव हुँदा पनि आर्थिक चलखेल गरेको आरोप लागेको छ। शक्तिकेन्द्रलाई रिझाउन खप्पिस सिग्देलले ऊर्जा र सिंचाई सचिव हुँदा मन्त्री शक्तिबहादुर बस्नेतलाई प्रभावमा पारेर सबै अवस्थामा भौतिकमा मन्त्रीको गोटी बन्न सरुवा भएका भन्ने गरिन्छ। ऊर्जा मन्त्रालय पनि आकर्षक मानिएको छ।

यता, ऊर्जा सचिवमा सरुवा हुने चर्चामा रहेका शर्मा पनि भौतिक मन्त्रालयको सचिव हुँदा तात्कालिन मन्त्री प्रकाश ज्वालालाई प्रभावमा पारेर एकलौटी गरेको सरोकारवालाहरुले बताएका छन्। एमाले बुद्धिजिवी परिषद्को सदस्य रहेको आरोप लागेका सचिव शर्माले पनि भौतिकमा हुँदा एडीबी अन्तर्गतका काँकडभिट्टा-लौकही सडकको ठेक्कामा कालिका कन्स्ट्रक्सनबाट मोटो कमिशन बुझेको आरोप सडककै जानकारहरुले लगाएका छन्।

भद्र र शालीन जस्तो देखिने चतूर स्वभावका शर्मा पछिल्लो समय ऊर्जा आयोगमा गुमनाम अवस्थामा छन्। ऊर्जा सचिवमा अन्य प्राविधिक सचिवहरुको खडेरी परेकोले शर्माकै संभावना बढी रहेको जानकारहरुले बताएका छन्। सचिव शर्मा पनि सडक विभागको महानिर्देशक, भौतिक सचिव हुँदै मालदार ठाउँमा कार्यरत रहेका छन्।

## कठपुतली ...

यातायात मन्त्री रघुवीर महासेठको बजेट दुरुपयोगको विषयलाई लिएर संसदमा सबैभन्दा बढी आलोचना भएको छ।विरोधको बाबजुद पनि मन्त्रीद्वयले कर्मकाण्डी स्पष्टीकरण एवं ढाँटेर बजेट गत असार ११ गते पारित भएको छ।

भौतिक पूर्वाधार मन्त्रालयमा सचिव सिग्देललाई मन्त्री महासेठले २०८० चैत १९ गते ल्याएका हुन्। बजेट निर्माणका बेला अर्थमन्त्रालयमै गएर जथाभावी बजेट हाल्ने काममा मन्त्री महासेठले सचिव सिग्देल र तात्कालिन सडक विभागका योजना महाशाखा प्रमुख र हालका महानिर्देशक रामहरि पोखेल जिम्मेवारी दिएको समाचार श्रोतले बताएको छ।

एकलाखे थुप्रै बजेट हालेर भौतिकको बजेटमा ताण्डव नृत्य देखाएका मन्त्री महासेठले सुई पोखेललाई सरकार स्वरुप सडक विभागको महानिर्देशक पद थमाएको चर्चा चलेको छ।

यता, माओवादी नेता एवं सांसद जनार्दन शर्माको पालना बजेट निर्माणका बेला विवादमा मुछिएर अर्थमन्त्रालयबाट सरुवा मागेका सचिव मधुकुमार मरासिनी पुनः माओवादी केन्द्रकै अर्थमन्त्री बर्षमान पुनको गोजीको सचिव बनेर अर्थमन्त्रालय भित्रिएका छन्। उनी अर्थ मन्त्रालयको विभिन्न पदमा बसेर तर मारेका व्यक्ति हुन् ।उनको विगत विवादित रहेको जानकारहरुले बताएका छन्।

## संसद्को ...

श्रेष्ठ महानिर्देशक हुँदा संघीय भवन निर्माण गर्ने जिम्मेवारी पाएको तुँदी कन्स्ट्रक्सनसँग आर्थिक प्रलोभनमा परेपछि संसद् भवन निर्माणले गति लिन नसकेको जानकारहरुले बताएका छन्।

तात्कालिन शहरी विकास सचिव रविन्द्रनाथ श्रेष्ठ, महानिर्देशक श्रेष्ठ र तुँदी कन्स्ट्रक्सन बीचको सेटिङ्गमा पटक-पटक म्याद थप्ने र लागत बढाउने काम भएको समाचार श्रोतले बताएको छ। संघीय संसद भवन तात्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले २०७६ असोज १ गते शिल्यानास गरेका थिए। पाँच वर्ष बित्न लाग्दा समेत सम्पन्न हुन नसकेको संघीय संसद भवन शहरी विकास सचिव मणिराम गेलाल, डिजी घिमिरेको विशेष सकृयतामा अघि बढेको भवन निर्माण विभाग श्रोतले जानकारी दिएको छ।

एक सय ५१ रोपनी जग्गामा बनेको संघीय संसद भवनको अब भवनको छत हाल्ने र आन्तरिक सजावटको महत्वपूर्ण काम बाँकी रहेको आयोजना निर्देशक महर्जनले बताएका छन्। उक्त भवन निर्माणमा ५६ करोड रुपियाँ भ्रष्टाचार भएको भनी चर्चा चल्ने गरेको छ। भ्रष्टाचारको बाछिटाले मन्त्री धनबहादुर बुढालाई पनि छोएको समाचार स्रोतले बताएको छ। यस सम्बन्धमा मन्त्री बुढासँग सम्पर्क गर्ने प्रयास गर्दा उनको मन्त्रालयको फोन उठेन।

## अर्थमा ...

अगाडि मात्र मन्त्रालयको प्रशासन प्रमुख बनाइएका नारायण सापकोटालाई महालेखा नियन्त्रकको कार्यालयमा सरुवा गरी उनको ठाउँमा रामप्रसाद आचार्यलाई सरुवा गरेको छ। सरुवा हुनेमा सुशीला अर्याल महालेखा नियन्त्रक कार्यालय र रामकुमार महतो भन्सार विभागको उपमहानिर्देशक रहेका छन्।

## चर्किएका ...

प्रमाणपत्र भएपछि त्यो घर धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिइयो।

यता, प्रमाणपत्र पाउनासाथ घरको मूल्य पनि बढ्यो त किनबेच पनि सजिलै हुने भयो। केही महिनाअघि रुकुम पश्चिम र जाजरकोटमा पनि भूकम्प गएको थियो। भूकम्पका कारण सयौंको संख्यामा मानिसहरुले ज्यान गुमाए। कयौं घाइते भए। रातको समयमा आएको भूकम्पले मानिसहरुलाई आफ्नै घरले किचेर माप्यो।

महाभूकम्पपछि यो भूकम्पबाट पनि धेरैले ज्यान गुमाए। यसको पनि प्रमुख कारण चर्किएका, भत्किन लागेका घर नै हुन्। काठमाडौं उपत्यका विकास प्राधिकरणले यसअघि नै उपत्यकाभित्र बनेका ९५ प्रतिशत घर सरकारको मापदण्डभित्र पर्दैन वा जोखिमपूर्ण छ भनेर भनिसकेको छ। अहिले यस्ता घरहरुमा बैंक तथा वित्तिय संस्थाकै लगानी छ।

भनिन्छ कि हावा नआई रुखको पात हल्लिदैंन। तीन वर्षअघि झण्डै तीन करोडमा खरिद गरिएको घर अहिले त्यसको आधा मूल्यमा बेच्छुभन्दा समेत ग्राहक नभेटिएको बताइन्छ। त्यस्तै, शेयर र गाडीमा पनि यस्तै भएको छ। ३५ सय कित्तामा किनेको शेयर अहिले सय रुपिया बिक्दैन। २५ लाखमा खरिद गरिएको गाडी पनि पाँच लाखमा समेत बिक्री नभएको सुनिन्छ।

बजार पूरै मन्दीमा छ। सर्वसाधारण जनता मन्दीका कारण जीविकोपार्जन गर्नै गाह्रो भएको बताउँछन्। अहिले व्यापार व्यवसाय ठप्प छ। जताततै कोठा, सटर र फ्ल्याट खाली देखिन्छन्। बैंकहरु पैसा थुप्रियो भन्छन्। अहिले बैंकमा कर्जा लिन जाने कोही छैन। बैंकहरुको कर्जा लगानी सबै घरजग्गा, गाडी र सेयरमा छ।

अहिले ९९ प्रतिशत मानिसको घरजग्गा, गाडी र शेयर बैंक तथा वित्तीय संस्थाको नाममा छ। यता, ऋणीसँग पैसा छैन। उनीहरु बैंकको ऋण त तिर्न चाहन्छन् त पैसा कसरी जुटाउने ? धितो पनि त बिक्री हुँदैन। घरजग्गा, गाडी र शेयर दलालीहरुले सर्वसाधारणलाई नराम्ररी डुबाए। पाँच हजार आनामा बिक्री नहुने खेतीयोग्य जमिन प्लाटिङ गरेर आनाकै लाखदेखि करोडमा बेचे।

भारतमा एक लाखमा पाइने गाडी यहाँ ल्याएर तीसौं लाखमा बेचियो। बैंकले सय रुपियाँ कित्तामा निष्काशन शेयर पनि एक हजारदेखि पाँच हजारसम्ममा बेचबिखन गरे। अहिले बैंकले धितो त लिलाम गरिरहेको छ तर किन्ने कोही छैन। अहिले बैंकहरुले धमाधम डिपोजिटको ब्याज घटाइरहेका छन्। यसको घुमाउरो अर्थ अब हामी पैसा मात्र राख्न सक्दैनौं भन्ने हो।

बैंकले जति कर्जा लगानी गर्न सक्यो, त्यति नै फाइदा हुने हो तर कर्जा लिने नै कोही नभएपछि डिपोजिटको ब्याज बैंकले कसरी दिइयोस् ? अहिले बैंक डुब्न लागेको बैंककै अधिकारीहरुको भनाइबाट बुझिन्छ। यद्यपि, सर्वसाधारण जनताले अझै पनि यो बुझ्न सकेका छैनन्। उनीहरु अहिले पनि बैंकमा पैसा राखिरहेका छन्।

अब बैंकले न बचतकर्तालाई ब्याज दिन सक्छ न त साँबा नै किनकि बैंकको सम्पूर्ण लगानी डुबिसक्यो। बैंकले घरजग्गा, गाडी र शेयरमा गरेको लगानी बालुवामा पानी भएको छ। अहिले बजारमा शेयरको मूल्य प्रत्येकदिन घट्दो क्रममा छ। मालपोतमा घरजग्गा नामसारी ठप्प छ त यातायातमा पनि सवारीसाधन नामासरी तथा किनबेच शून्य छ।

बजारमा व्यापारीहरु भन्छन्, ‘बोहनी हुन्न, सटर खोल्नु मात्र हो।’ निजी संघसंस्था, प्राइभेट कम्पनी, होटल, रेस्टुरेन्ट, पसल वा घरमा काम गर्नेहरुले वर्षौंदेखि तलब पाएका छैनन्। महंगी र बेरोजगारीका कारण अहिले गाउँ फर्किने र विदेशिनेको लहर छ। बजारको हालको अवस्थाले नै घरजग्गा, गाडी र सेयरलाई लयमा फर्किन दशक लाग्ने देखिन्छ।

तीन वर्षअघि सहकारीमा समस्या देखियो। सहकारीले बचतकर्ताको रकम फिर्ता नगरेको हल्ला चल्यो। तर, राष्ट्रिय सहकारी महासंघसहित सहकारी विभाग वा सरकारले समेत सहकारीमा समस्या नदेखिएको दाबी गरे। देशभर ३५ हजारभन्दा बढी सहकारी छन्। तीमध्ये आधाभन्दा बढी भागिसकेका छन् त सञ्चालनमा रहेकाले पनि बचतकर्ताको रकम फिर्ता गर्न सकेका छैनन्।

सहकारीकै कारण बचतकर्ताहरु आत्महत्या गर्नुपर्ने अवस्थामा पुगेका छन्। बचत फिर्ताको माग गर्दै आन्दोलन गर्दा कयौं बचतकर्ता प्रहरीको लाठीचार्जबाट घाइते भए। अनशन बस्दा कतिपय बचतकर्ताको ज्यान नै जोखिममा परेको छ। सहकारीकै कारण धेरै बचतकर्ताको घरवार बिग्रियो। परिवार लथालिंग हुन पुगेको छ। दिनरातको झगडाका कारण श्रीमान-श्रीमतीबीच सम्बन्धविच्छेद हुन पुग्यो त कतिपय बुढाबुढी आमाबुबा पनि घरवारविहीन।

अहिले बैंकले एउटासँग पैसा लिन्छ अनि अर्कोलाई ब्याज दिन्छ। कर्मचारीलाई तलब दिन्छ। घरलाई भाडा तिर्छ त दैनिक खर्च पनि चलाउँछ। बैंकको आम्दानी छैन भनेर सबैले थाहा पाइसकेका छन्। यता, बैंककै कर्मचारीहरुले बचतकर्ताको रकम हिनामिना गरेको घटना पनि बाहिरिएका छन्। यसले बैंकप्रति सर्वसाधारणको विश्वास घट्दै गएको छ।

बैंकले एक करोड ऋण दिंदा दुई करोडको धितो राख्छ। त्यसमा पनि दश/बीस लाख त घुस नै खान्छन् बैंकका सञ्चालक तथा कर्मचारीहरु। सेवाशुल्क दुई प्रतिशत, ब्याज १८ प्रतिशत भनेर ४८ प्रतिशतसम्म असुल्छन्। अनि ऋणीले तीन किस्ता नतिर्नेबित्तिकै दुई करोडको धितो ८० लाखमै पचाउँछन्।

बैंककै कारण कतिपयले आत्महत्या गरे। आफ्नो परिवार समेत सिध्याए। अहिले बैंकको यस्तो ठगीधन्दा थाहा पाएपछि पनि सर्वसाधारण बैंकमा ऋण लिन नगएका हुन्। बैंक सहकारीको हालतमा पुगिसक्यो। तर, जनतालाई भ्रममा राखिएको छ। हिजो सहकारीमा मानिसहरुले पैसा लगेर त राखे। यद्यपि, सहकारीको लगानी कहाँ छ ? भनेर सोधखोज गरेनन्।

अहिले बैंकमा पनि मानिसहरुले पैसा त राखिरहेका छन्। तर, बैंकको लगानी कहाँ छ ? भनेर कुनै पनि बचतकर्ताले सोधखोज गरेका छन्। भोलि बैंक डुब्यो भने यीनीहरु पनि सहकारीकै बचतकर्ताजसरी सडकमा उत्रिन्छन् अनि आन्दोलन गर्छन्। त्यसैले, अब बचतकर्ताहरु पनि चलाख हुन जरुरी छ। आफूले बचत गरेको बैंकको लगानी कुन क्षेत्रमा छ भनेर जानकार हुनुपर्छ।

बैंकले धितो राखेको जग्गा पनि सरकारी, गुठी जग्गा रहेको पाइएको छ। यसको ज्वलन्त उदाहरण बालुवाटारस्थित ललिता निवास र बाँसबारीस्थित छाला जुत्ता कारखानाको सरकारी जग्गा हो। यसमा बैंकको अर्बौं लगानी छ। यो जग्गा सरकारले आफ्नो नाममा ल्याएसँगै बैंकको लगानी पनि स्वाहा भएको छ।

यहाँ मात्र होइन, देशभरका जग्गामा बैंकको लगानी छ। तर, तीमध्ये कयौं सरकारी, सार्वजनिक जग्गामा समेत बैंकले लगानी गरेको हुँदा बचतकर्ताको रकम नै जोखिममा परेको छ। बैंकले एउटै व्यक्तिलाई अर्बौं कर्जा प्रवाह गरेको छ। दुर्गा प्रसाई, मिनबहादुर गुरुङजस्ता व्यक्तिलाई बैंकले अर्बौं कर्जा प्रवाह गरेको छ।

यिनीहरुले बैंकको साँबाब्याज तिरेका छैनन्। अनि ऋणीले पैसा नतिरेपछि बैंकमा बचत गरेका बचतकर्ताको पैसा डुब्दैन भनेर कसरी भन्ने ? अब बचतकर्ताहरु सतर्क हुनुपर्छ। बैंकका बचतकर्ताहरुले डुब्नुअघि नै सोचविचार गर्नुपर्छ। नत्र सहकारीका बचतकर्ताको जस्तो हालत हुनेछ।

## स्थायी ...

पनि बुद्धिजीवीहरुले मनन गरेको बताइएको छ। त्यस्तो अवस्था रहँदा आममानिसप्रति प्रदेशको औचित्य नै समाप्त हुने स्थिति आउने देखिएको भन्दै उनीहरुले यसका लागि पनि विकल्पसहित प्रस्तुत भएको बताइएको छ।

प्रदेश सरकार गठनका लागि कांग्रेस-एमालेमध्ये जुन दल जुन प्रदेशमा पहिलो अवस्थामा छन् उसैको नेतृत्वमा सरकार बनाउने। यसो गर्दा मधेश प्रदेशसहित चारवटा प्रदेशमा एमालेले नेतृत्व गर्ने तथा कांग्रेसबाट बराबरी संख्यामा मन्त्री बनाउन सकिने अवस्था उनीहरुले देखेका छन्। यसैगरी तीनवटा प्रदेशमा कांग्रेसको नेतृत्वमा सरकार बनाउन सकिने हुन्छ।

उता, केन्द्रमा सबैभन्दा ठूलो दलको हैसियतमा कांग्रेसको नेतृत्वमा सरकार बनाउनु उचित हुने उनीहरुको बुझाइ छ। बाँकी अवधिलाई दुई कार्यकालमा विभाजन गरी पहिलो कार्यकाल प्रधानमन्त्रीसहित सरकारको नेतृत्व कांग्रेसले गर्ने अनि पछिल्लो कार्यकाल प्रधानमन्त्रीसहित एमालेले गर्दा उचित हुने निष्कर्षमा उनीहरु पुगेको बताइएको छ।

यसरी सरकारको नेतृत्व गर्दा प्रधानमन्त्रीले जनतालाई राम्रो काम गर्नका लागि आफ्नो दलबाट कुन कुन मन्त्रालय लिंदा उचित हुने जस्तो लाग्छ सोही अनुसार मन्त्रालय लिएर अघि बढ्दा राम्रो हुने बुझाइमा बुद्धिजीवीहरु पुगेको दाबी गरिएको छ। यसैगरी पछिल्लो कार्यकालमा पनि सोही अनुसार प्रधानमन्त्रीले आफू अनुकुलका मन्त्रालयहरुको जिम्मेदारी आफ्नो दलबाट गराई आफूलाई सहज हुने गरी सरकार संचालन गर्न सक्ने अवस्था आउने भनी उनीहरुले सुझाव दिने तयारी गरेको समाचार स्रोतले जानकारी दिएको छ।

उनीहरु बहुदलीय व्यवस्थालाई कायम राख्नका लागि पनि कांग्रेस र एमाले मिलेर स्थिर सरकार चलाउनु उचित हुनेमा बुझाइमा पुगेका बताइएको छ। अहिलेको अवस्थामा कायम राखे त्यसको दोष सरकारमा रहेका सबै दलहरुमाथि जाने तथा जनताले भोलिका दिनमा धेरैजसो स्थानमा स्वतन्त्र व्यक्तिलाई जिताएर पठाउने सम्भावनालाई पनि ती वुद्धिजीवीहरुले खतराका रुपमा देखेका छन्। कांग्रेस-एमाले आफ्नै तालमा रहने हो भने त्यसरी जितेर आउने स्वतन्त्र व्यक्तिहरुको कारण आगामी निर्वाचनपछिको संसदको अवस्था झनै अराजक हुने बुझाइमा उनीहरु पुगेको बताइएको छ। स्वतन्त्र व्यक्तिहरुको संख्या संसदमा बढी हुन गएमा त्यसले बहुदलीय व्यवस्थालाई गिज्याउने उनीहरुको बुझाइ रहेको बताइन्छ। यदि त्यस्तो अवस्था आयो भने उनीहरुलाई नियन्त्रण गर्ने दल पनि नहुने हुँदा संसद झनै बेलगामको हुने स्थिति आउँदा मुलुक झनै अस्थिरतातर्फ धकेलिने बुझाइमा उनीहरु पुगेको समाचार स्रोतले जानकारी दिएको छ।

यसरी थप विकल्प तथा सुझावहरुको खोजीमा उनीहरु रहेको तथा आगामी हप्तादेखि उनीहरुले एउटा खाका सहित प्रस्तुत हुने तयारी गरिरहेको पनि समाचार स्रोतले जानकारी दिएको छ। यसरी खाका प्रस्तुत गर्ने विषयमा भने उनीहरुको बीचमा पनि मतैक्यता हुन नसकेको बताइएको छ। बुद्धिजीवीहरुमध्ये केही चाहीँ खाकालाई पत्रकार सम्मेलन गरी सार्वजनिक गर्नु उचित हुन्छ भन्ने पक्षमा रहेका छन्। यसैगरी केही भने अरु बुद्धिजीवीहरुलाई समेत जोडी अझ राम्रो खाका बनाएर पहिले कांग्रेस र एमालेका शीर्ष नेताहरुलाई भेटी व्यक्तिगत रुपमा सुझाव दिंदा उचित हुने भन्नेमा छन्।

स्रोतका अनुसार आगामी साताभित्र उनीहरुको कुरा कि पत्रकार सम्मेलनमार्फत त कि नेताहरुको पुगी बाहिर आउन सक्ने अवस्था रहेको छ। यस सम्बन्धमा नाम लिइएका बुद्धिजीवीहरुमध्ये केहीसँग सम्पर्क गर्दा उनीहरुले यो विषयमा जवाफ दिन मानेनन्। सोही कारण पनि उनीहरु आफ्नो भित्री योजनालाई परिपक्क बनाएर मात्र बाहिर आउने भनी समाचार स्रोतले बताएको छ।

सप्तर्षि पब्लिकेशन प्रा.लि.
Saptarshi Publication Pvt. Ltd.
Chabahil-7, Kathmandu, Nepal
9851120322, 9841800633
saptarshipub2080@gmail.com
Our Services:
All Kinds of Printing Solution.
छपाईको लागि: 9841263302, 9841475151

निर्माणका लागि हामीलाई सम्झनु होस्
कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस्। विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरूका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ। त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरू तान्ने कार्यहरूमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं।
‘तपाईहरूको सन्तुष्टि नै हाम्रो उपलब्धि हो’
प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
कृष्ण नगरकोटी
काठमाडौं - ११, काठमाडौं
सम्पर्क नं. ९८४१७२५६६२

# मेलमिलापकर्ताका प्रशिक्षकहरु थपिँदै

काठमाडौं/ न्यायिक क्षेत्रमा मेलमिलापकर्ताहरुको उत्पादन गराउन सहयोग पुग्ने गरी थप २९ जना प्रशिक्षकहरु भोलि शनिबारबाट थपिने भएका छन्।

न्यायिक क्षेत्रमा मेलमिलापमार्फत सहयोग पुऱ्याउने उद्देश्य हेतु नयाँ २९ जना प्रशिक्षकहरु थपिने भएका हुन्। मेलमिलापकर्ता सम्बन्धी प्रशिक्षकहरुको उत्पादनका लागि काठमाडौं जिल्ला अदालत बार एसोसिएशनले सञ्चालन गरेको प्रशिक्षक प्रशिक्षण तालिमबाट शनिबार मुलुकले थप २९ जना कानून व्यवसायीहरुलाई प्रशिक्षकको रुपमा प्रमाणपत्र दिइने भएको हो।



काठमाडौं बार एसोसिएशनको आयोजना तथा नेपाल मेलमिलापकर्ता समाज तालिम प्रयादक संस्थाको रुपमा रही आठ दिने तालिम भोलि शनिबार सम्पन्न हुने भएको हो। कुनै पनि सत्र नटुटाई आठ दिनसम्म नै तालिममा सहभागी हुने प्रशिक्षार्थीहरुलाई शनिबार विशेष कार्यक्रम गरी प्रमाणपत्र हस्तान्तरण गर्ने कार्यक्रम रहेको काठमाडौं बार एसोसिएशनका अध्यक्ष रामचन्द्र पौडेल ( आर.सी.विमल) ले जानकारी दिए।





गत शनिबार सर्वोच्च अदालतका न्यायाधीश सुनीलकुमार पोखरेलले उद्घाटन गरेको उक्त प्रशिक्षण तालिममा उक्त बार एसोसिएशनमा आवद्ध २९ जना कानून व्यवसायीहरु प्रशिक्षार्थीका रुपमा रहेका छन्। प्रशिक्षार्थीहरुलाई मेलमिलापको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका वरिष्ठ अधिवक्ता रामप्रसाद भट्टराईको प्रमुख प्रशिक्षणमा प्रशिक्षित गरिएको बताइएको छ।

यसैगरी नेपाल मेलमिलापकर्ता समाजमा लागी प्रशिक्षकको रुपमा निरन्तर सक्रिय सतीश कुमार शर्माले प्रशिक्षार्थीहरुलाई व्यावहारिक ज्ञानसहित प्रशिक्षण दिइरहेको काठमाडौं बार एसोसिएशनका उपाध्यक्ष पुरुषोत्तम अधिकारीले 'नयाँ विमर्श' लाई जानकारी दिए।



यसैगरी भक्तपुर जिल्ला अदालतका न्यायाधीश रामप्रसाद न्यौपाने, वरिष्ठ अधिवक्ताद्वय मातृकाप्रसाद निरौला र सुनिता रेग्मी पोखरेलले पनि प्रशिक्षण दिएको बताइएको छ। यस्तै, कानून व्यवसायी अन्जु कायस्थ, सीता अधिकारी लगायतले प्रशिक्षण दिएको अधिवक्ता संजिता सिलवालले जानकारी दिइन्।





उक्त प्रशिक्षणबाट प्रशिक्षकका रुपमा आउने अधिवक्ताहरुमा शैलेन्द्र शर्मा गौडेल, शर्मिला नेगी, कौशीला गुरुङ, दीपेन्द्र बहादुर विष्ट, श्रृंगऋषि काफ्ले, श्रीकृष्ण न्यौपाने, कौशल कुमार भट्टराई, नारायण प्रसाद पौडेल, केदार प्रसाद आचार्य र ईश्वरी श्रेष्ठ रहेका छन् ।यसैगरी महेश नेपाल, हरि प्रसाद डुम्रे, अर्जुन प्रसाद चालिसे, सन्तोष चौलागाई, डा.सभाना प्रधान, राधा जि.सी., दिनेशराज सत्याल, दल बहादुर धामी, वसन्त प्रसाद रिमाल र विशाल थापा रहेका छन्।





यस्तै, अधिवक्ताहरु कमल कोइराला, शरद चन्द्र गौतम, नोर्बु लामा, लोकहरि पौडेल, सुरेन्द्र सिंह ऐर, चेतनाथ तिमल्सेना, दीपक कुमार साह, सन्तोष भण्डारी र पुरुषोत्तम अधिकारी पनि शनिबारदेखि प्रशिक्षकका रुपमा आउने भएका बताइएको छ।




## चट्याङबाट बच्ने उपाय

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं।
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं।
- विद्युतीय उपकरण बन्द गरौं।
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं।
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं।
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं।
- सकभर अग्लो स्थानमा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं।
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं।
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं।
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Computer Designer: Roshan Gyeawali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**